**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।**
- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहारसम्भार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनीरूपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ माघ २३ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 February 06 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६०

## सिम्रौनगढ नपामा कर्मचारीको विषयलाई लिएर तनाव जारी

# पूर्ववडाध्यक्षद्वारा नगरप्रमुख, उपप्रमुखसमेतको कोठामा तालाबन्दी

प्रस, सिम्रौनगढ, २२ माघ/

सिम्रौनगढ नगरपालिकामा करार ज्यालादारी कर्मचारीको विषयलाई लिएर सिम्रौनगढ नगर कार्यपालिकाको बैठक बसिरहेको बेलामा उनले पाँचवटा कोठामा तालाबन्दी गरेका थिए।




आइतवार पूर्ववडाध्यक्ष राजेश यादवले नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, योजना र जिन्सी शाखामा तालाबन्दी गरेका छन्।

सिम्रौनगढ नगरपालिकामा कार्यरत करार ज्यालादारी कर्मचारी सम्बन्धमा डेढ महीनादेखि विवाद रहँदै आएको छ।

नगरपालिकामा करीब दुई सयजना करार ज्यालादारी कर्मचारी कार्यरत छन्। उनीहरूलाई हटाउनको लागि नगरपालिकाले दुई महीनादेखि प्रयास गरि रहेको छ।

एक महीनाअघि बारा जिल्लाका तत्कालीन प्रजिअ कृष्णबहादुर कटुवालको रोहबरमा वडाध्यक्ष रामएकबालप्रसाद यादवको संयोजकत्वमा सुशासन समिति गठन भएको थियो।

नगरपालिकामा कार्यरत करार ज्यालादारी कर्मचारीहरूको योग्यता, क्षमता, अध्ययन गरी उनीहरूको म्याद थप गर्ने जिम्मेवारी समितिलाई दिइएको थियो।

समितिका संयोजक यादवले दुई साताअघि दुई सयमध्ये १६३ जना कर्मचारीको म्याद थप गर्नुपर्ने भनी प्रतिवेदन बुझाएका थिए। तर नगरप्रमुख किशोरी कलवारले प्रतिवेदनलाई पाखा लगाउँदै आफू र उपप्रमुख नजमु शेहरको सहमतिमा कार्यपालिका सदस्यहरूसँग सहमति नगरेर ९३ जना ज्यालादारी र करार कर्मचारीहरूको मात्र म्याद थप गर्ने एक साताअघि सूचना प्रकाशित गरेका थिए।

यो विषयलाई लिएर वडाध्यक्षहरू आक्रोशित भएका थिए। नगरपालिका अन्तर्गतको नगर अस्पतालमा कार्यरत ३० जना कर्मचारीमध्ये तीनजना स्थायी कर्मचारी छन् भने २७ जना करार ज्यालादारीमा छन्।

यसैबीच, नगरप्रमुख किशोरी कलवारले बहिरङ्ग सेवाबाहेक अन्य सबै सेवा बन्द गर्ने निर्णय गरेपछि अस्पतालका कर्मचारीहरू सो सेवासमेत बन्द गरेर धर्नामा बसेका थिए।

धर्नामा बसेका कर्मचारीहरूलाई वडाध्यक्षहरूले जिम्मेवारी लिएर यस विषयमा छलफल गर्ने आश्वासन दिएका थिए। सोहीअनुरूप कार्यपालिकाको बैठक आइतवार बसेको थियो। कर्मचारी व्यवस्थापन र म्याद थपबारे आज अबेरसम्म बसेको बैठक भोलि सोमवार बिहान १२ बजे बस्ने गरी टुङ्गिएको छ।

# किसानद्वारा भेडाहा खोलामा तटबन्ध निर्माणको विरोध

प्रस, परवानीपुर, २२ माघ/

वीरगंज महानगरपालिकाले करीब रु २४ करोडको लागतमा भेडाहा खोलामा निर्माण गरिरहेको तटबन्धको सोही क्षेत्रका किसानहरूले विरोध गरेका छन्।



वीरगंज महानगरपालिका वडा नं २८, ३०, ३१ का सयौं किसानले आज वीरगंजमा तटबन्ध निर्माणको विरोधमा प्रदर्शन गरेका छन्।

विरोध प्रदर्शनसँगै वीरगंज महानगरपालिका र जिल्ला प्रशासन कार्यालय, पर्सामा ज्ञापन बुझाउँदै यथाशीघ्र निर्माण कार्य रोक्न किसानहरूले माग गरेका छन्।

नगरपालिकाले बनाएको नक्शा र लगत इस्टिमेट अनुसार साबिकको बहाव क्षेत्र भएको भेडाहा खोलामा तटबन्ध निर्माण हुनुपर्नेमा हालको बहाव क्षेत्र अर्थात् किसानहरूको निजी जग्गा र कटाहा खोलामा तटबन्ध निर्माण भइरहेकोले काम रोक्न माग गरिएको हो। सो क्षेत्रमा तटबन्ध निर्माण भइरहेकोले ती वडाका सयौं किसानका सवा तीन सय बिघा जग्गा खोलामा पर्ने भएकोले किसानहरू विरोधमा उत्रिएका हुन्।

किसानहरूले आक्रोश पोख्दै भने, "हालको काम अनुसार खोलाबाट सय/सय मिटर दायाँ–बायाँ बाँध निर्माण भइरहेको छ। यो सरासर अन्याय हो। एकातिर मात्रै ३२८ फिट जग्गा खोलामा गइरहेको छ। यस्तो आयोजनाले सयौं बिघा खेत खोलामा गएर आफूहरूको उठीबास लाग्नेछ।"

साबिकको खोलाको नक्शा भएको क्षेत्रमा तटबन्ध निर्माण गर्न र खोला फर्काउन बजेट खर्च गर्नुपर्ने भेडाहा खोला सङ्घर्ष समितिका सचिव अच्छेलाल ठाकुरले बताए। यस विषयमा सरोकारवाला निकाय गम्भीर भएन भने र काम रोकेन भने आफूहरू कडा आन्दोलनमा उत्रने चेतावनीसमेत दिए।

हाल महानगरपालिकाले वीरगंज–३१ बेलवाको मिलनचोकनजीक रहेको भेडाहा खोलाको किनारमा तटबन्ध निर्माणको कार्य गरिरहेको छ। उक्त परियोजना मिलनचोकबाट बेलवा हुँदै वीरगंज–२२ जगरनाथपुरसम्म अर्थात् करीब १३ किलोमिटर लम्बाइसम्म तटबन्ध निर्माणको काम गर्ने महानगरको लक्ष्य छ।

# ठेकेदारको पार्टी खाएर फर्किंदा वन अधिकृतसहित पाँचजना घाइते

प्रस, परवानीपुर, २२ माघ/

पर्साको भेडाहा खोलाका ठेकेदारको पार्टी खाएर वीरगंजबाट बडनिहार फर्किने क्रममा सवारी दुर्घटनामा परी बडनिहार सबडिभिजन कार्यालयका वन अधिकृतसहित पाँचजना घाइते भएका छन्।

रक्सी पिएर कारमा बडनिहार फर्किने क्रममा परवानीपुरमा कार पल्टिंदा उनीहरू घाइते भएका हुन्। घाइते हुनेमा सर्लाही घर भएका बडनिहार सबडिभिजनका अधिकृत अनिल महतो, पर्सागढी–४ घर भएका सोही कार्यालयका कमान्डर (सुबेदार) प्रदीप तिमिल्सिना, पर्सागढी–३ घर भएका अर्का जमदार सूर्य चौधरी, पर्सागढी–४ बस्ने ठेकेदारनजीकका व्यक्ति सुमन श्रेष्ठ, सोही स्थानका सोम घलेसहित पाँचजना रहेका छन्।

भेडाहा खोलाको ठेक्का चालू आवको लागि अञ्जनी कन्स्ट्रक्शन, कलैया–२६ ले रु ७२ लाखमा सकार गरेर गत माघ ५ गतेदेखि खोलाबाट उत्खननसमेत शुरू गरिसकेको छ। उक्त ठेकेदार कम्पनीका मुख्य सञ्चालक बारा, कलैयाका राजु साह हुन्। अन्य तीनजना साझेदार सञ्चालक छन्। श्रेष्ठ र घले तिनै राजु साहनिकटका व्यक्ति भएको स्रोतले बताएको छ।


तस्वीरः प्रतीक

खोलाको उत्खनन सूर्य उदाएपछि शुरू गर्ने र अस्ताएपछि बन्द गर्नुपर्ने नियम छ। तर सो खोलामा राति ९ बजेसम्म पनि उत्खनन हुन्छ। सोही क्रममा बडनिहार सबडिभिजनका वनकर्मीहरूले ठेकेदारलाई नजरानाको लागि केही दिनदेखि थ्रेट गरेका थिए। त्यसैको सेटिङको लागि तीनजना वन कर्मचारीको टोली ठेकेदारको गाडीमा बसेर पार्टी खान र नजराना बुझ्न वीरगंज आएको थियो। पार्टी खाएर बडनिहार फिर्ता हुने क्रममा पाँचजना चढेको किया ब्रान्डको सेल्टस कार परवानीपुर प्रहरी चौकीअगाडि तीव्र गतिका कारण अनियन्त्रित भई पल्टेको थियो। प्रहरी चौकी परवानीपुरले बताए अनुसार उक्त गाडीको नम्बर प्रदेश–३–०१–२४च९७५९ रहेको छ।

गाडी पल्टिएपछि उक्त गाडीको अगाडि र पछाडिका नम्बर प्लेट खोलेर हटाइएको थियो। घटना ढाकछोप गर्न परवानीपुर प्रहरीले समेत सघाएको जनाइएको छ।

गाडीधनीले नम्बर सार्वजनिक भएर प्रतिष्ठामा आँच आउने भएकोले आफैंले खोलेको परवानीपुर प्रहरीले जनाएको छ।

घाइते भएकामध्ये तीनजनाको मेडिसिटी वयोधा अस्पताल, गण्डकमा उपचार भइरहेको छ भने कमान्डर तिमिल्सिना र जमदार चौधरी सामान्य घाइते भएका छन्। उनीहरू कारको पछाडि सिटमा बसेका कारण चोटपटक कम लागेको प्रहरीले बताएको छ।

पछाडि सिटमा बस्ने घले, कारचालक सुमन श्रेष्ठ र चालकको छेउको सिटमा बस्ने वन अधिकृत महतो गम्भीर घाइते भएका कारण अस्पताल भर्ना भएका हुन्। चालक श्रेष्ठको अवस्था गम्भीर छ।

# दुईजना नक्कली परीक्षार्थी पक्राउ

प्रस, वीरगंज, २२ माघ/

सवारी चालक अनुमतिपत्रको लिखित परीक्षामा नक्कली परीक्षार्थी बनेर अर्कै व्यक्तिको किर्ते हाजिरी गर्ने दुईजनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ।

पर्साको वीरगंजस्थित यातायात कार्यालयको ट्र्याल सेन्टरमा सवारी चालक अनुमतिपत्रको लागि आइतवार भएको लिखित परीक्षामा नक्कली परीक्षार्थी बनेर आएका दुईजनालाई पर्सा प्रहरीले पक्राउ गरेको हो।

पक्राउ पर्नेमा सखुवाप्रसौनी गाउँपालिका वडा नं ३ निवासी ३६ वर्षीय निजामुद्दीन अन्सारी र वीरगंज महानगरपालिका वडा नं २४ रामगढवा निवासी २० वर्षीय सर्दुन अन्सारी रहेका छन्।

अन्सारीद्वय वीरगंजस्थित यातायात कार्यालयले व्यवस्था गरेको लिखित परीक्षा दिने स्थानमा अर्काको नाममा परीक्षा दिन आएर किर्ते हाजिरी गरेको पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले जानकारी दिए।

# वीरगंज–पथलैया रूटका यातायात व्यवसायीद्वारा प्रहरी प्रशासनमा ज्ञापन

प्रस, परवानीपुर, २२ माघ/

वीरगंज–पथलैया राजमार्ग क्षेत्रमा गुड्ने यातायात व्यवसायीहरूको समूहले आइतवार पर्साको प्रहरी प्रशासनलाई ज्ञापनपत्र बुझाएको छ।

हलुका सवारीसाधन ईरिक्शा र अटो अवैधरूपमा सो क्षेत्रमा सञ्चालन भएपछि उनीहरूको व्यवसायमा मर्का परेको भन्दै रूट परमिटको आधारमा सवारीसाधन सञ्चालन गर्न गराउन यातायात तथा प्रहरी प्रशासनले सहयोग गर्नुपर्ने माग राख्दै उनीहरूले ज्ञापनपत्र बुझाएका हुन्। सो रूटमा चल्ने म्याजिक भ्यान र अन्य सवारीसाधनका गरी चारवटा यातायात व्यवसायी सङ्घले संयुक्तरूपमा ज्ञापनपत्र दिएका हुन्।

सङ्घर्ष समितिका अध्यक्ष कलामुद्दीन मियाँ अन्सारी नेतृत्वको यातायात व्यवसायीहरूको टोलीले पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, यातायात व्यवस्था कार्यालय वीरगंज, जिल्ला प्रहरी कार्यालय पर्सा र जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्सामा ज्ञापनपत्र बुझाएको हो।


तस्वीरः प्रतीक

वीरगंजमा करीब पाँच हजारभन्दा बढी ईरिक्शा सञ्चालनमा आएपछि आफूहरूको व्यवसाय खोसिएको र हाल बैंकको किस्ता पनि तिर्न नसकिएको व्यवसायीहरूको भनाइ छ।

# सिम्रौनगढ बजार दोस्रो दिन पनि बन्द रहयो

प्रस, सिम्रौनगढ, २२ माघ/

स्थानीय प्रहरी प्रशासनको विरोधमा हिजोदेखि बजार बन्द गरेर आन्दोलन गरेका सिम्रौनगढका व्यापारीहरूले आज दोस्रो दिन पनि बजार बन्द राखे।

स्थानीय प्रशासन, इलाका प्रहरी कार्यालय, सिम्रौनगढ, सशस्त्र प्रहरी बिओपी, गोलागंजले व्यापारीहरूसँग ज्यादती गरेको विरोधमा हिजो प्रदर्शन गरेर रानी बजार अनिश्चितकालको लागि बन्द गराइएको हो।

व्यापारीहरूले भन्सार स्थापना गर्नुपर्ने, प्रहरी ज्यादती बन्द गर्नुपर्ने जस्ता माग गरेका थिए।

व्यापारीहरूले दिउँसो नगरका विभिन्न स्थानमा टायर बालेर प्रदर्शन गरेका थिए।

सिम्रौनगढका व्यापारीहरू आन्दोलित भएपछि बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले आज उद्योग वाणिज्य सङ्घ सिम्रौनगढका अध्यक्ष लालबाबू कुशवाहालगायत आठजनालाई वार्ताको लागि कलैया बोलाएका छन्। उनीहरूसँगको वार्ताबारे थप समाचार आइसकेको छैन।


तस्वीरः प्रतीक

## विचारसार र सूक्तिहरू

**जीवनको मधुरतम क्षण त्यो होइन जुन कसैको शुभकामनाले प्राप्त हुन्छ, अपितु यो सोच कि– कोही प्रतिदिन तपाईंको भलो सोच्दछ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# स्ववियु निर्वाचन

**यही चैत ५ गते स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचन हुने भएपछि क्याम्पसहरूमा चहलपहल बढेको छ । हरेक दुई वर्षमा हुनुपर्ने स्ववियु निर्वाचन १५ वर्षपछि हुन लागेको हो । पटक–पटक मिति तोक्दै स्थगित हुँदै आएको निर्वाचन यसपटक भने पक्का हुने छाँटकाँट देखिएको छ । निर्धारित मितिमा निर्वाचन बिथोलिए वा कुनै कारणवश स्थगित भए त्यसको ३० दिनभित्र पुनः निर्वाचन गर्नुपर्ने अग्रिम निर्णय छ । त्रिभुवन विश्वविद्यालयले उपत्यकाका २१ र उपत्यकाबाहिरका ३९ वटा क्याम्पसप्रमुखसँग छुट्टाछुट्टै छलफल गरी सो निर्णय गरेको हो । चैत ५ गते निर्वाचन गराउन नसके त्यसको ३० दिनभित्र अर्थात् वैशाख ५ गतेसम्म निर्वाचन गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ ।**

**स्ववियु स्थापनादेखि अहिलेसम्म आइपुग्दा विद्यार्थी आन्दोलनले थुप्रै उतारचढाव पार गर्‍यो । यसबीचमा सरकार र विश्वविद्यालयको उदासीनता स्वयम् स्ववियुका निर्वाचित पदाधिकारी एवं सङ्गठनका गैरजिम्मेवारपनका कारण सिङ्गो स्ववियुमाथि अनेक प्रश्नहरू पनि उठे । केही व्यक्ति र सङ्गठनले गरेका कमीकमजोरीलाई स्ववियु र विद्यार्थी आन्दोलनसँग जोडेर स्ववियुको औचित्यमाथि प्रश्न उठाइए । केही स्थानमा स्ववियुका पदाधिकारी क्याम्पस प्रशासनसँग सौदाबाजी गरी भ्रष्टाचार गर्ने, गुन्डागर्दीमा उत्रिएर अराजकता निम्त्याउनेलगायतका क्रियाकलाप गरेको भन्दै आचोलना पनि नभएको होइन । स्ववियु शैक्षिक सुधार र विद्यार्थीको हकहितका विषय उठाउनेभन्दा विश्वविद्यालयमा तालाबन्दीदेखि नियुक्तिमा भागबन्डा तथा ठेक्कामा हिस्सेदारी खोज्ने र शैक्षिक वातावरणलाई धुमिल्याउने प्रवृत्तिले बदनाम बन्न पुगेकै हो । यी सबै कारणले गर्दा स्ववियु चुनाव हुन नदिने पक्षमा बल पुग्यो । कतिपयले स्ववियु नै खारेज गर्नुपर्छ भन्ने तर्क पनि गरेका छन् । अथक प्रयासपश्चात् पुनः स्ववियु निर्वाचनको वातावरण बनेको छ । अब स्ववियुलाई संस्थागत उद्देश्य अनुसारको लिकमा लगेर विद्यार्थी हकहित र अधिकार प्राप्तिको आन्दोलनमा अगाडि लैजान सकिन्छ । जुनसुकै कामको लागि पनि नेतृत्व आवश्यक छ । सरकारलाई विद्यार्थीको अधिकार, हकहितबारे खबरदारी गर्न विद्यार्थी आन्दोलन अपरिहार्य छ । यसको निम्ति नेतृत्व निर्माणमा स्ववियुको भूमिका महत्त्वपूर्ण हुन्छ ।**

**२०१७ सालमा राजा महेन्द्रले राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाए । त्यति बेलाको जनआवाजलाई सशक्त बनाउन विसं २०१८ मा नेपालमा पहिलोपटक विद्यार्थीहरूको साझा संस्था 'स्ववियु' स्थापना भएको हो । पञ्चायतीशासनविरुद्ध सशक्त आवाज उठाउने महत्त्वपूर्ण अभिभारा स्ववियुले लियो । मुलुकको व्यवस्था परिवर्तनमा यसको भूमिका महत्त्वपूर्ण छ । २०३६ सालमा जनमत सङ्ग्रह गर्न, २०४६ सालमा बहुदलीय व्यवस्था ल्याउन, २०६२/६३ को जनआन्दोलनमा स्ववियुको भूमिका प्रशंसनीय छ । यस्तो गर्विलो इतिहास बोकेको विद्यार्थी सङ्गठनले समय र आवश्यकतालाई बुझेर आफ्नो औचित्यलाई परिवर्तन गर्न सक्नुपर्छ । समय र परिवर्तित राजनीतिक अवस्था र विद्यार्थी एवं आमनागरिकको भावनाअनुरूप आफ्नो मार्गदर्शनमा परिवर्तन ल्याउन नसक्दा स्ववियु धराशयी अवस्थामा पुग्न लागेको हो । अब यसको साख उठाउनका निम्ति पनि विद्यार्थी सङ्गठनबीच खुट्टा तानातान नगरी एकतामा सूत्रबद्ध गर्ने अवसरको रूपमा आसन्न स्ववियु निर्वाचनलाई लिन जरुरी छ ।**

# विद्यालय–अभिभावक सहकार्य : विद्यार्थीको समग्र विकास

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**एउटा राम्रो विद्यालयले अभिभावक शिक्षाको लागि समय–समयमा अभिभावक बैठक गरी विद्यार्थीहरूको आनीबानी र समग्र विकासबारे छलफल गर्नुको साथै व्यक्तिगत भेटघाटसमेत गर्छन् । विद्यार्थीहरूको सबल, दुर्बल र व्यवहारगत पक्षहरूबारे अभिभावकलाई नियमित सूचना दिएर उपयुक्त उपायको खोजी गर्छन्/गराउँछन् ।**

विद्यार्थीहरूको चौतर्फी विकास विद्यालय र अभिभावकहरूको साझा विषय हो। प्रत्येक विद्यालयको पूँजी भनेको त्यस विद्यालयको प्रभावकारिता हो भने अभिभावकको पाटोबाट हेर्दा उसको सन्ततिको उज्ज्वल भविष्य हो । यस अर्थमा विद्यालयको लागि अभिभावकको सहयोग कसरी बढी भन्दा बढी हासिल गर्ने भन्ने कुराले महत्त्व राख्छ भने अभिभावकहरूको लागि उसको सन्तानको समग्र विकासमा विद्यालयसँग कसरी सहकार्य गर्ने भन्ने कुरा महत्त्वपूर्ण हो । यसरी आफ्नो सन्तानको भविष्य निर्माण गर्न विद्यालयलाई सुम्पिएपछि त्यहाँबाट हासिल हुने सेवालाई कसरी गुणात्मक उपलब्धिमा परिणत गर्ने प्रश्न नै प्रमुख हो । जसरी एउटा राम्रो विद्यालय सधैं अभिभावकसँग सहकार्य गर्न सचेष्ट हुन्छ त्यसैगरि एउटा सचेत अभिभावकले विद्यालयको क्रियाकलापबाट सन्तानले चाहेजस्तो सिकाइको अवसर प्राप्त गरिरहेको छ कि छैन भन्ने कुरा सधैं चिन्तनमनन गरिरहेको हुन्छ । यसरी विद्यार्थीहरूको सिकाइ सन्दर्भमा विद्यालय र अभिभावक दुवैको सहकार्य महत्त्वपूर्ण रहेको प्रस्ट हुन्छ ।

प्रस्तुत आलेखमा विद्यार्थीहरूको चौतर्फी विकास र उनीहरूको पढाइमा बाधा पुर्‍याउने तत्त्वको खोजी गर्ने र सोको लागि विद्यालय र अभिभावकको भूमिका के हुने भन्ने कुरामाथि छलफल गर्ने जमर्को गरिएको छ । वर्तमान सन्दर्भमा विद्यार्थीको पढाइमा आन्तरिक र बाह्य दुवै तत्त्वहरूले बाधा पुर्‍याएको देखिन्छ । आन्तरिक तत्त्व अन्तर्गत विद्यार्थी स्वयं, उसका शिक्षक र विद्यालयले बाधा पुर्‍याएको हुन्छ भने बाह्य तत्त्व अन्तर्गत विद्यार्थीको परिवार र समाजको वातावरणले बाधा पुर्‍याएको देखिन्छ । विद्यार्थीहरूसँग सम्बन्धित आन्तरिक अवरोधमा पहिलो विद्यार्थीको बानी, उसले गर्ने व्यवहार, उसको विद्यालयप्रति बुझाइ र सोचाइ, साथै उसको शारीरिक कमजोरी र भावनात्मक समस्या पर्दछ । विद्यार्थीको व्यवहारमा देखापर्ने समस्या अन्तर्गत पढाइमा ध्यान नदिने, लिखावट राम्रो नहुने, सधैं विद्यालय नआउने, गृहकार्य नगर्ने, गृहकार्य चोरेर गर्ने वा अभिभावकले गरिदिने, कक्षाकार्यमा लापरवाही गर्ने, शैक्षिक अन्तर्क्रियामा सामेल नहुने, पढाइप्रति समर्पित नहुने, किताब, कापी आदि नल्याउने पर्दछ । त्यस्तै गैरशैक्षिक समस्या अन्तर्गत सफा सुग्घर भई नआउने, समयको ख्याल नगर्ने, नैतिकरूपले कमजोर, शिक्षकले भनेको कुरा नटेर्ने, अनुशासन भङ्ग गर्ने, अरूलाई धाकधम्की देखाउनेजस्ता समस्याहरू पर्दछ ।

यसैगरी एउटा शोधले के देखाएको छ भने परिवारको सामाजिक–आर्थिक अवस्था अनुसार सिकाइ उपलब्धि फरक हुन्छ । अर्थात् विद्यार्थी जस्तो परिवेशबाट आउँछ नतीजा त्यस्तै हुन्छ । पारिवारसँग सम्बन्धित समस्याहरूमध्ये पहिलो– परिवारका सदस्यहरू शिक्षित नहुनु हो, किनभने त्यहाँ शिक्षा प्राथमिकतामा पर्दैन । यससँगै विद्यार्थी र विद्यालयलाई चाहिएको बेला सहयोग उपलब्ध हुँदैन । परिणामस्वरूप विद्यार्थीहरू शैक्षिक कार्यक्रममा समावेश हुनबाट वञ्चित हुन्छन् । दोस्रो परिवारका सदस्यहरूबीच आपसी तालमेल नहुनुले विद्यार्थीहरूको सोच नकारात्मक बन्न सक्छ । पारिवारिक वातावरण अशान्त भएमा, पढाइमा उनीहरूले चाहिएको बेला सहयोग हासिल गर्न सकिरहेका हुँदैनन् । तेस्रो बढी माया, बढी अपेक्षा र बढी बचावको प्रयास, विद्यार्थीको क्षमताभन्दा बढी पारिवारिक दबाव र हस्तक्षेप, विद्यार्थीले भनेको सबैथोक पूरा गर्ने, उसको तुलना साथीहरूसँग गर्ने र स्वयं चाहना अनुरूप आफूलाई परिर्तन नगर्ने बानी पर्दछ ।

यसैगरी परिवारका सदस्यहरूको व्यस्त जीवन शैलीले पनि विद्यार्थीहरूको पढाइमा बाधा पुर्‍याउने काम गर्दछ, किनभने जसको लागि परिश्रम गरिन्छ त्यसलाई नै हेला गर्ने अर्थात् समय अभावका कारण पारिवारिक पृष्ठभूमि, संस्कृति र संस्कारबारे कुराकानी गर्ने समय नहुने र अर्कोतिर व्यस्त भएको कारणले सन्तानले केही भन्न खोजेमा ध्यान नदिने उनीहरूको लागि सबैभन्दा ठूलो बाधक तत्त्व हो । यसैगरी परिवारमा आर्थिक अभाव भएपछि जहिले पनि त्यही कुरा गर्ने तर आर्थिक अभाव कसरी न्यून गर्न सकिन्छ भनेर अग्रसरता नलिने वा चिन्तनमनन न गर्ने, अर्थोपार्जनका नयाँ तरीकाहरू नखोज्ने र सन्तानलाई ढाँट्ने र हप्काउने बढी हुने गरेको अनुभवले देखाएको छ । परिवार सँगसँगै वातावरण सम्बन्धित समस्याहरू जस्तै– छिमेकीहरू शिक्षाप्रति चेतनशील वा जागरुक नहुनु, छिमेकी साथीहरू समस्याग्रस्त हुनु, सञ्चारका साधनहरू जस्तै मोबाइल, टेलिभिजनको दुरुपयोग गर्नु, विद्यालय र घरबीचको दूरीले समेत विद्यार्थीहरूको पढाइमा बाधा पुर्‍याउने काम गर्छ भने घरबाट विद्यालय र विद्यालयबाट घरबीचको समयमाथि ध्यान नदिने र छड्के जाँच नगर्नाले पनि विद्यार्थीहरू दिग्भ्रमित हुने सम्भावना बढी हुन्छ ।

अब प्रश्न के उठ्छ भने यी यावत् समस्याको निराकरण कसरी गर्ने ? यसमा अभिभावक र विद्यालयको भूमिका के हुने ? सबैभन्दा पहिले अभिभावकहरूले छोराछोरीहरूको धारणामा परिवर्तन ल्याउने प्रयास गर्नुपर्छ । विद्यालयबाट घर फर्केपछि खाजा खाने बेला उसले के–के गृहकार्य पाएको छ सोध्ने, उसलाई के खाँचो छ सोध्ने । रातिको खाना सन्तानसँगै बसेर खाने र उसको शिक्षक, साथी, स्कूलबारे कुरा गर्ने । विद्यार्थीलाई आफ्नो संस्कार र संस्कृतिबारे जानकारी गराउने । साथीहरू वा छिमेकीसँग उसको तुलना नगर्ने । ऊ कुनबेला कहाँ जान्छ भन्ने कुरामाथि ध्यान दिने । शिक्षकहरूको सम्पर्कमा बस्ने । उसले घरमा गर्ने क्रियाकलापबारे विद्यालयलाई जानकारी गराउने र उसको प्रगतिबारे जानकारी लिने । यसबाहेक उसले गृहकार्य गरेको छ कि छैन ? कापीकिताबमा जिल्द लागेको छ कि छैन ? पोशाक सफा छ कि मैलो छ ? चाँडै उठ्ने वा बेलुका सुत्ने बानी छ कि छैन ? उपलब्ध खाना र खाजा राम्ररी खान्छ कि खाँदैन ? सरसफाइमा ध्यान दिन्छ कि दिँदैन ? जस्ता कुरामा ध्यान दिनुपर्छ । यसैगरी विद्यालय र घरबीच विद्यार्थीको पटके जाँच गर्ने । विद्यार्थीहरूलाई हप्काउनुको साटो काउन्सिलिङ गर्ने । विद्यालय आउँदा विषयगत शिक्षकहरूसँग भेट गर्ने बानी विकास गर्ने । विद्यार्थीहरू विद्यालयमा अनुपस्थित हुँदा वा बाहिर लिएर जाँदा पूर्व स्वीकृति लिने । विद्यालय नियमको पालना स्वयं र विद्यार्थीलाई पनि पालन गर्न प्रेरित गर्दा विद्यार्थीहरूको सिकाइमा अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ ।

अभिभावकले मात्र होइन, विद्यालयले गर्ने प्रयास, उसका रणनीति र समग्र अभ्यासले पनि विद्यार्थीहरूको सिकाइ उपलब्धिमा फरक पार्छ भन्ने निष्कर्ष धेरै अध्ययनले देखाएको छ । किन कुनै विद्यालय अन्य विद्यालयभन्दा सफल हुन्छ ? त्यस्तो विद्यालयले के–के गर्दोरहेछ ? एक अध्ययन अनुसार स्पष्ट दूरदृष्टिले विद्यालयको प्राथमिकतालाई निर्धारण गर्दोरहेछ भने विद्यालय परिवारका हरेक सदस्यलाई साझा उद्देश्यमा आबद्ध हुन पनि सहयोग गर्दछ । राम्रो विद्यालयले विद्यार्थीहरूको पठनपाठनमा बाधा पुग्न सक्ने सम्भावना धेरै हदसम्म सीमित गर्छ र उनीहरूको सामान्य सफलताबाट सन्तुष्ट हुँदैन । यसले शिक्षक, विद्यार्थी र अभिभावकलाई समेत थप परिश्रम गर्ने ऊर्जा र प्रेरणा दिन्छ । यस्ता विद्यालयको हरेक निर्णयको केन्द्रमा पढाइमा सुधार रहने गरेको देखिन्छ । यस कार्यमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापकको भूमिका अति महत्त्वपूर्ण हुन्छ । यस्ता विद्यालयको प्रगतिको रहस्य खोज्दै जाँदा विद्यार्थी उपलब्धिको निरन्तर मूल्याङ्कन र पढाउने तरीकामा निरन्तर सुधारको प्रयास भेटिन्छ । यस्ता विद्यालयहरू परिवारसँग कसिलो सम्बन्ध स्थापना गर्न प्रयासरत रहन्छन् । यसर्थ परिवारको सहयोग आफैं प्राप्त होला भनेर बस्नुको साटो विद्यालयको तर्फबाट निरन्तर प्रयत्नशील रहनुले विद्यालयलाई अन्य विद्यालयभन्दा पृथक र विशेष बनाउँछ ।

एउटा राम्रो विद्यालयले अभिभावक शिक्षाको लागि समय–समयमा अभिभावक बैठक गरी विद्यार्थीहरूको आनीबानी र समग्र विकासबारे छलफल गर्नुको साथै व्यक्तिगत भेटघाटसमेत गर्छन् । विद्यार्थीहरूको सबल, दुर्बल र व्यवहारगत पक्षहरूबारे अभिभावकलाई नियमित सूचना दिएर उपयुक्त उपायको खोजी गर्छन्/गराउँछन् । विद्यालयहरूले अभिभावकलाई स्वयंसेवी अर्थात् स्रोत व्यक्तिको रूपमा प्रयोग गर्न सक्यो भने विद्यालयको धेरै समस्याहरू–जस्तै शुल्क सम्बन्धी समस्या, पूर्वाधारसम्बन्धी समस्या, स्थानीय सीप सिकाउनेजस्ता गैरशैक्षिक सेवा सजिलै हासिल गर्न सकिन्छ । यसका लागि स्थानीय परिवेश अनुसार कुन प्रकारको सेवा लिने हो सोको लेखाजोखा र प्रयास विद्यालयले गर्नुपर्छ । यसैगरी लामो बिदाको बेला विद्यार्थीहरूको पढाइमा निरन्तरता कायम राख्न विद्यालयले अभिभावकको सहयोग लिन सक्छ । यस सम्बन्धमा कस्तो सहयोग लिनेबारे विद्यालयले अभिभावकलाई प्रस्ट रूपमा जानकारी गराउनुपर्ने हुन्छ । यस्ता क्रियाकलापले विद्यार्थीहरूको विद्यालयप्रतिको बुझाइमा सकारात्मक सहयोग पुग्छ ।

अन्त्यमा विद्यार्थीहरूको समग्र विकासमा विद्यालय र अभिभावक दुवैको भूमिका महत्त्वपूर्ण रहेकोमा कुनै शङ्का छैन । यी दुवैले आआफ्नै योजना अनुसार हिंड्नुभन्दा पनि एक आपसमा सहकार्य गरेर विद्यार्थीहरूको शैक्षिक र व्यक्तिगत विकासमा सकारात्मक योगदान पुर्‍याउन सक्छन् । सँगसँगै पढेलेखेका अभिभावकले मात्र हैन नपढेलेखेका अभिभावकले पनि विद्यार्थीको चौतर्फी विकासको उद्देश्यमा सघाउन सक्ने स्पष्ट छ । यसको लागि विद्यालयको तर्फबाट सचेष्ट प्रयास हुनैपर्छ ।

# सीमामा डिजिटलाइज पोलिसिङ गर्छु– सप्रउ थपलिया

प्रस, वीरगंज, २२ माघ/

सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाले सीमामा डिजिटलाइज पोलिसिङको व्यवस्था र औद्योगिक सुरक्षा बलको स्थापनाका लागि पहल गर्ने बताएका छन् ।

पर्सा जिल्लामा सरुवा भई आएका सप्रउ थपलियाले आइतवार वीरगंज उद्योग वाणिज्य सङ्घले आयोजना गरेको भेटघाट कार्यक्रममा विगतमा भएका गरेका राम्रा कार्यहरूमा अझ वृद्धि गर्ने, औद्योगिक सुरक्षा र अवैध व्यापार नियन्त्रणका लागि सशस्त्र प्रहरी क्रियाशील रहने र सीमा सुरक्षामा हुने अपराध तथा राजस्वलगायतका आर्थिक अपराधका चुनौतीलाई अवसरको रूपमा लिई आफू अघि बढ्ने बताए ।

उनले सीमा सुरक्षा तथा औद्योगिक सुरक्षा विषयमा आफू गम्भीर रहेको बताउँदै वीरगंज आर्थिक नगर भएकोले यसको महत्त्व र उपादेयतालाई मध्यनजर गर्दै सोही अनुरूपको सुरक्षा व्यवस्था मिलाउने बताए । शान्ति सुरक्षा कायम गर्नका लागि चुनौतीहरू रहेको भन्दै औद्योगिक शान्ति सुरक्षाको लागि आफूले सक्दो सहयोग र सहकार्य गर्ने प्रतिबद्धता जाहेर गरे ।

वीउवासङ्घका अध्यक्ष सुबोध गुप्ताले वीरगंजलगायतका क्षेत्रमा कायम रहेको शान्ति सुव्यवस्थालाई अझ प्रभावकारी बनाउनुपर्ने, फुटेका, बिग्रेका सिसिटिभीको व्यवस्थापन र विस्तारमा सङ्घको निरन्तर सहयोग रहने बताए ।




तस्वीरः सौजन्य

अध्यक्ष गुप्ताले आर्थिक क्रियाकलाप बढी हुने र खुला नाका भएकोले तस्करी तथा आपराधिक गतिविधि सोही अनुपातमा हुन सक्ने भएकोले सोहीअनुरूपको सुरक्षा व्यवस्थाको

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४८

# नेपाल टेलिकमको फाइभजी परीक्षण चरणमा

काठमाडौं, २२ माघ/रासस

नेपाल टेलिकमले फाइभजी सेवातर्फ उपकरणको जडान गरी परीक्षण जारी रहेको जनाएको छ।




सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा आइतवार नेपाल टेलिकमको १९ औं वार्षिकोत्सव कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै। तस्वीरः रासस

टेलिकमको १९औं वार्षिकोत्सवका अवसरमा आइतवार आयोजित कार्यक्रममा टेलिकमका प्रबन्ध निर्देशक सुनील पौडेलले फाइभजी सेवा परीक्षण चरणमा रहेको बताए। उनले फाइभजी प्रभावकारीरूपमा सञ्चालन गर्नेगरी पूर्वतयारीमा रहेको उल्लेख गरे।

जिएसएम प्रविधि अन्तर्गत हाल सञ्चालनमा रहेको मोबाइल सेवा र नयाँ आउने फाइभजी सेवा प्राविधिकरूपमा नै फरकरूपमा सञ्चालन हुने उनको भनाइ छ। कम्पनीले एउटै फाइबरबाट फोन, इन्टरनेट र टेलिभिजन सेवा उपलब्ध हुने एफटिटिएच सेवा देशव्यापी विस्तार गरिरहेको छ। यसअघि मुलुकका ६८ जिल्लामा विस्तार गरिएको एफटिटिएच सेवा अन्य जिल्लामा पनि पुर्‍याउने योजना अघि बढाइएको नेपाल टेलिकमको भनाइ छ।

७३९ स्थानीय तहमा फोरजी

वायरलेस ब्रोडब्यान्ड अर्थात् फोरजी एलटिई सेवाको देशव्यापी विस्तार गरिएको टेलिकमले जनाएको छ। हालसम्म ७७ जिल्लाका ७३९ स्थानीय तहमा यसको पहुँच पुगेको छ भने आयोजनाको ९८ प्रतिशत कार्य पूरा भइसकेको कम्पनीले उल्लेख गरेको छ।

फोरजी नेटवर्क विस्तारसँगै फोरजी डाटाको खपतमा उल्लेखनीय वृद्धि भएको र नयाँ प्रविधिको रूपमा ई-सिमकार्डको देशव्यापी वितरण गरिरहेको प्रबन्ध निर्देशक पोडेलले बताए। डाटा सेवाको माग पूरा गर्न वायरलेस होम ब्रोडब्यान्ड सेवा उपलब्ध गराइएको छ। देशका अधिकांश स्थानमा फोरजी एलटिई सेवा विस्तारसँगै भोल्टेजको प्रयोग उल्लेख्यरूपमा वृद्धि भएको छ।

**२६ अर्ब ४१ करोड राजस्व**

मुलुकका सार्वजनिक संस्थानमध्ये हालसम्म सबैभन्दा नाफा कमाउने र राज्यलाई बढी राजस्व तिर्ने नेपाल टेलिकमले अघिल्लो वर्ष सरकारलाई रु २६ अर्ब ४१ करोड राजस्व तिरेको छ। टेलिकमका प्रबन्ध निर्देशक पौडेलका अनुसार आव २०७७/७८ मा विभिन्न कर तथा गैरकर गरी कम्पनीले उक्त रकम राजस्व बुझाएको हो।

आर्थिक वर्ष २०७८/७९ मा कम्पनीको कुल आय रु ४४ अर्ब ३७ करोड पुगेको छ भने कम्पनीको खुद मुनाफा रु आठ अर्ब ४७ करोड भएको छ। चालू आवको पुस मसान्तसम्म कम्पनीले रु २१ अर्ब ८० करोड राजस्व प्राप्त गरेको छ।

टेलिकमको भ्वाइस सेवातर्फ २०७९ मङ्सिर अन्त्यसम्ममा ग्राहक आधार दुई करोड १३ लाख २५ हजारभन्दा बढी छ। जसमध्ये जिएसएम मोबाइल सेवाका ग्राहक दुई करोड एक लाख ८६ हजारभन्दा बढी, सिडिएमए सेवाका चार लाख ३६ हजार र पिएसटिएन सेवाका ग्राहक चार लाख ५५ हजारभन्दा बढी छन्।

त्यसैगरी, एफटिएच भ्वाइस सेवाका ग्राहक दुई लाख ४७ हजार तथा एफटिएच डाटा सेवाका ग्राहक दुई लाख ११ हजार छन्। चालू आवको असोज महीनासम्म भ्वाइस सेवातर्फ कम्पनीको बजार हिस्सा ५२ दशमलव २४ प्रतिशत छ।

इन्टरनेट डाटा सेवातर्फ २०७९ मङ्सिरसम्म कम्पनीको डाटा (इमेल, इन्टरनेट आदि) सेवा प्रयोगकर्ता कुल दुई करोड छ लाख १८ हजार छ सयभन्दा बढी पुगेका छन्। सोमध्ये जिएसएम मोबाइलको डाटा सेवाका प्रयोगकर्ता दुई करोड एक लाख ६ हजार, एडिएसएल सेवाका प्रयोगकर्ता ७८ हजार र एफटिएच डाटा सेवाका प्रयोगकर्ता दुई लाख ११ हजार छन्।

मध्यपहाडी लोकमार्गलाई आधार मानी प्रदेश १, मधेस प्रदेश र वाग्मती प्रदेशका जिल्ला, नगरपालिका र गाउँपालिकालाई समेट्ने गरी अप्टिकल फाइबर बिछ्याउने कार्य द्रुतगतिमा अघि बढाइएको छ। सो क्षेत्रमा हालसम्म एक हजार ३२६ किमी फाइबर बिछ्याउने कार्य सम्पन्न भएको छ।

# फोहर गर्ने चारजना दण्डित

प्रस, वीरगंज, २२ माघ/

वीरगंज महानगरपालिकाले जथाभावी फोहर गर्नेहरूलाई आइतवार पनि दण्डित गरेको छ।



आज चारजनालाई जथाभावी फोहर गरेको कसूरमा जरिवाना गरिएको स्वच्छ हराभरा वीरगंज अभियानका संयोजक प्रकाश खेतानले बताए।

महानगरले आदर्शनगर निवासी दिनेश खण्डेलवाल, प्रतिमाचोकस्थित कुश किरानापसल र मुन्ना पटेललाई जनही १/१ हजार र पावरहाउसचोक निवासी नीरज कुमारलाई पाँच सय रुपियाँ जरिवाना गरिएको संयोजक खेतानले बताए।

शनिवार जथाभावी फोहर गरेको कसूरमा बाइपासस्थित एमएक्स सिनेमा हललाई रु पाँच हजार जरिवाना गरिएको थियो।

महानगरले अहिलेसम्म जथाभावी फोहर गर्ने ५१ जनालाई जरिवाना गरि सकेको छ।

# तीन दिनमा ५३ जना फरार अभियुक्त पक्राउ

प्रस, वीरगंज, २२ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले तीन दिनमा ५३ जना फरार अभियुक्तलाई पक्राउ गरेको छ।

जिप्रका, पर्साका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले माघ २०, २१ र २२ गते तीन दिनमा ५३ जना फरार अभियुक्तलाई पक्राउ गरेको बताए।

उनले जिप्रका, पर्सा मातहतको वप्रकासमेतको सहभागितामा तीन दिनमा ५३ जनालाई पक्राउ गरिएको र पर्सा जिल्ला अदालतमा हाजिर गराउने तयारीमा रहेको बताए।

पर्सा जिल्ला अदालतबाट कैद जरिवाना भएपछि विभिन्न मुद्दामा फरार अभियुक्तहरूलाई पक्राउ गरिएको उनले बताएका हुन्।

# मधेस प्रदेशको विषयगत समिति बाँडफाँडमा सहमति

धनुषा, २२ माघ/रासस

मधेस प्रदेशको विषयगत समिति बाँडफाँडमा दलहरूबीच सहमति भएको छ।

प्रदेशसभामा प्रतिनिधित्व गरेका सबै दलले एक/एक विषयगत समिति पाउने गरी सहमति गरिएको बताइएको छ।

प्रदेशसभामा दश राजनीतिक दलको प्रतिनिधित्व रहेकामा सातवटा दलले संसदीय दलको मान्यता पाएका छन्।

ती सबै संसदीय दलले एक/एक विषयगत समिति पाउने सहमति भएको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का सांसद उपेन्द्र महतोले जानकारी दिए। उनका अनुसार प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसले लेखा समितिको जिम्मेवारी पाएको छ।

अर्को प्रतिपक्षी दल लोसपाको भागमा महिला, बालबालिका तथा सामाजिक न्याय समिति र नेकपा (एकीकृत समाजवादी)को भागमा प्रदेश मामिला समिति परेको छ।

बाँकी रहेको चारवटा विषयगत समितिमा सत्ता साझेदार दलले एक/एक वटा बाँडफाँड गरेका छन्। संसद्मा सबैभन्दा ठूलो दल नेकपा (एमाले)ले कृषि तथा भूमि व्यवस्थापन समिति पाएको छ। सरकारको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टी (जसपा)ले विकास समिति आफैंसँग राखेको छ भने नेकपा (माओवादी केन्द्र)लाई प्राकृतिक स्रोत तथा वातावरण समिति र जनमत पार्टीलाई अर्थ तथा योजना समितिको जिम्मेवारी दिइएको छ।

अब प्रदेशसभाले विषयगत समितिमा सांसदलाई बस्न आह्वान गर्ने र सो आह्वानपछि दलहरूले आन्तरिकरूपमा विषयतगत समितिको सभापति चयन गर्ने बुझिएको छ। एउटा समितिमा सभापतिसहित १३/१४ जना सदस्य रहनेछन्। प्रत्येक समितिमा सबै दलको प्रतिनिधित्व रहनेछ।

# स्वस्थानी व्रत समापन

काठमाडौं, २२ माघ/रासस

पौष शुक्ल पूर्णिमादेखि वैदिक सनातन हिन्दू धर्मावलम्बीले घरघरमा शुरू गरेको एक महीने स्वस्थानी व्रत आइतवार विधिपूर्वक समापन भयो।

पौष शुक्ल पूर्णिमाका दिनदेखि स्वस्थानीको व्रत शुरू गरी नित्य मध्याह्नकालमा पार्वतीसहित महादेवको पूजा गरेका भक्तजनले आज व्रत समापन गर्न लागेका हुन्। सोही दिनदेखि शुरू गरिएको स्कन्द पुराण अन्तर्गतको केदार खण्डको माघ माहात्म्यमा कुमार र अगस्त्यबीच भएको संवादलाई स्वस्थानी कथाका रूपमा भन्ने र सुन्ने काम पनि आजैदेखि अन्त्य गरियो।

विधिपूर्वक एक महीने व्रत गरेका बर्तालुले माघ शुक्ल पूर्णिमाका दिन आज १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, वस्त्र, भेटी चढाइ व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिने गर्छन्। चढाइएका प्रसादमध्ये सबैबाट आठ/आठ पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मीत छोरालाई, मीत छोरा पनि नभए कामना सिद्ध होस् भनी नजीकको पवित्र नदीमा बगाउने गरिन्छ।

सय रोटी बर्तालुले फलाहार गरी रातमा जागराम बस्छन्। जागरामका समयमा देवीको माहात्म्य सुन्ने सुनाउने गरिन्छ। यसो गरेमा बर्तालुको मनोकाङ्क्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ। स्वस्थानीको शाब्दिक अर्थ आफू बसेको स्थानको देवी भन्ने बुझिन्छ। आफू बसेकी स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो।

सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रसन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवी स्वस्थानी हुन्। स्वस्थानीको चार हातमध्ये पहिलो हातमा नीलकमल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरदमुद्रा हुन्छ भनी व्रतकथामा उल्लेख छ।

यस्ती देवीको विधिपूर्वक व्रत गरेमा बिछोड भएका जोडीको पुनर्मिलन हुन्छ भन्ने विश्वास छ। रोग, व्याध लागेको भए ठीक हुने र पति वा पत्नीका रूपमा कसैलाई इच्छाएको भए प्राप्त हुने कथामा उल्लेख गरिएको छ।

सत्ययुगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेवलाई पति पाऊँ भनी विष्णुको निर्देशानुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानीमा वर्णन गरिएको छ। व्रतपछि बिछोडमा परेका नाग-नागिनीको पुनर्मिलन भएको स्वस्थानी कथामा उल्लेख छ। गोमा ब्राह्मणीले सप्तऋषिले सिकाएको व्रतविधि अनुसार व्रत पुत्र वियोगबाट मुक्ति मिलेको र व्रतकै प्रभावले छोरा नवराज लावण्य देश हालको साँखु क्षेत्रको राजा भएको कथा स्वस्थानीमा वर्णन गरिएको साँखुको ऐतिहासिक, धार्मिक, पुरातात्त्विक, सांस्कृतिक र पर्यटकीय विषयमा अनुसन्धानरत इतिहासकार प्रकाश श्रेष्ठले जानकारी दिए।

आज मध्याह्नकालपछि विधिपूर्वक पूजा लगाइ व्रत समापन गरी रात्रिमा जागराम बसी बिहीवार बिहान फूलपाती नदीमा सेलाएपछि यो वर्षको स्वस्थानी व्रत समापन हुने विधि रहेको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख प्राडा देवमणि भट्टराईले बताए।

उपत्यकाको पूर्वी भेगस्थित शालिनदीमा पौष शुक्ल पूर्णिमादेखि शुरू भएको माधवनारायण व्रत पनि आज अश्वमेध यज्ञ गरी समापन गरियो।

# रास्वपाका मन्त्रीले बुझाए राजीनामा

काठमाडौं, २२ माघ/रासस

राष्ट्रिय स्वतन्त्र पार्टीबाट सरकारमा सहभागी मन्त्रीहरूले आइतवार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई राजीनामा बुझाएका छन्। आइतवार साँझ प्रधानमन्त्री निवास बालुवाटार पुगेर उनीहरूले राजीनामापत्र बुझाएका हुन्।



तस्वीरः रासस

रास्वपाका तर्फबाट मन्त्रिपरिषद्मा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री शिशिर खनाल र स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री डा तोसिमा कार्कीले राजीनामा बुझाएको प्रधानमन्त्री प्रचण्डको सचिवालयले जनाएको छ।

# अयोध्या लगिएको देवशिला उत्खननस्थलमा उद्यान बनाइने

म्याग्दी, २२ माघ/रासस

भारतको अयोध्यामा निर्माणाधीन भगवान् श्रीरामको मन्दिरमा राखिने मूर्ति बनाउन लगिएको देवशिला उत्खननस्थलमा उद्यान बनाइने भएको छ।



तस्वीरः फाइल

धार्मिकस्थल गलेश्वरनजीकै पर्ने बेनी नगरपालिका-६ सेतीपहिरोस्थित कालीगण्डकी नदी किनारबाट दुई शिला अयोध्या र एक जनकपुर लगिएको थियो। गण्डकी प्रदेश सरकारले मधेस र मधेस प्रदेशले सङ्घीय सरकारमार्फत भारत सरकारलाई उपलब्ध गराएको शिला निकालिएको ठाउँमा उद्यान बनाउने तयारी गरेको नगरपालिकाले जनाएको छ।

नगर उपप्रमुख ज्योति लामिछानेले देवशिला निकालिएको ठाउँको संरक्षण र प्रचारप्रसार गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न स्मारकसहितको उद्यान बनाउन लागिएको जानकारी दिइन्। "मुक्तिनाथ र मुस्ताङ जाने आउने पर्यटक तथा तीर्थयात्रीलाई लक्षित गरेर देवशिला उत्खननस्थलको संरक्षण र प्रवर्द्धन गर्ने योजना बनाएका छौं," उनले भनिन्, "आर्थिक स्रोतको खोजी र पूर्वाधारको सम्भाव्यता अध्ययनमा जुटेका छौं।"

देवशिला उत्खनन भएको गलेश्वर क्षेत्रलाई हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ। देवशिला लगिएपछि भारतबाट आएका तीर्थयात्रीले स्नान र अवलोकन गर्न थालेका छन्।

हिन्दूको प्रसिद्ध धार्मिकस्थल अयोध्यामा भगवान् श्रीरामको बालरूपको मूर्ति निर्माण गर्न शालिग्राम शिला पाइने विश्वकै एकमात्र नदी कालीगण्डकीको शिला लगिएको छ।

नेपाल सरकार मन्त्रिपरिषद् बैठकको निर्णयानुसार १८ र १६ मेट्रिकटन तौल भएका, सात फिट लम्बाइ, पाँच फिट चौडाइ तथा तीन दशमलव पाँच फिट मोटाइका दुई शिला उपहार दिइएको हो।

नगरप्रमुख सुरत केसीले देवशिला लिन आएका रामलीला मन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पङ्कजलगायतले स्मारक र उद्यान निर्माणमा सघाउने प्रतिबद्धता जनाएको बताए।

विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर आर्थिक स्रोत जुटाउन प्रस्ताव गरिने उनले बताए। स्मारक र उद्यानका साथै कालीगण्डकी नदीमा स्नानस्थल बनाउने योजना रहेको छ। कालीगण्डकी नदीका अध्येता कुलराज चालिसेले देवशिला उत्खननस्थलनजीकै फोहर फाल्ने ठाउँ स्थानान्तरण गर्नुपर्ने बताए।

देवशिला अयोध्या लैजानका लागि समन्वय गरेका पूर्वउपप्रधानमन्त्रीसमेत रहेका प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधिले यो क्षेत्रको धार्मिक पूर्वाधार निर्माणमा सघाउन रामलीला मन्दिर निर्माण समिति र भारत सरकारले प्रतिबद्धता जनाएको बताए।

# विश्वमा माइक्रोचिप्सको अभाव किन छ ?

सन् २०२२ को अक्टोबरमा विश्वका केही ठूला कार निर्माता कम्पनीहरूका अगाडि एउटा ठूलो समस्या खडा भयो। स्वीडेनको लक्जरी कार ब्रान्ड भोल्भोले आफ्नो समूहको एउटा कारखाना एक साताका लागि बन्द गर्ने घोषणा गरेको छ।

जापानको टोयोटा कार कम्पनीले पनि यस्तै केही गर्नुपरेको छ। टोयोटाले आफ्नो उत्पादन लक्ष्य घटाउनुपर्‍यो। यसको कारण सवारीसाधनको माग नहुनु होइन, कार बनाउन प्रयोग हुने एक पार्टको कमीले हो।

यो पार्ट सेमीकन्डक्टर अर्थात् माइक्रोचिप हो। कोरोना महामारीको समयमा माइक्रोचिपको माग यति बढ्यो कि त्यसलाई पूरा गर्न निकै गाह्रो भयो। तर दुई वर्ष बितिसक्दा पनि सेमीकन्डक्टरको आपूर्तिमा खासै सुधार हुन सकेको छैन।

ताइवान माइक्रोचिप बनाउने अग्रणी देश हो। अहिले अमेरिका र चीन आफैंले माइक्रोचिप बनाउन अर्बौं डलर खर्च गरिरहेका छन्। उनीहरूले यसो गर्नु आफ्नो हितको सुरक्षाको लागि हो कि वा राजनीतिक हो ?

**बिन्दास चिप**

माइक्रोचिप्स मोबाइल फोन र कम्प्युटर अपरेटिङ सिस्टमदेखि उन्नत कम्प्युटर र मेडिकल मेशिनहरूलगायत अन्य मेशिनरी उपकरणहरूमा प्रयोग गरिन्छ। माइक्रोचिप एक वेफरजस्तो पातलो सिलिकन चिपमा तारहरूको संरचना हो।

सेमीकन्डक्टर अर्थात् माइक्रोचिप धेरै प्रकारका हुन्छन्। जस्तै मेमोरी चिप जसमा डाटा भण्डारण गरिन्छ। यसमा एउटा लजिक चिप पनि हुन्छ, जुन कम्प्युटरको प्रोसेसरमा प्रयोग गरिन्छ र तेस्रो उन्नत माइक्रोचिप हो, जुन धेरै शक्तिशाली हुन्छ। आर्टिफिसियल इन्टेलिजेन्सको माध्यमबाट जटिल कम्प्युटिङ र सुपर कम्प्युटरमा प्रयोग हुने यो चिप सेल्फ ड्राइभिङ कारमा पनि प्रयोग गरिन्छ।

हार्वर्ड केनेडी सेन्टरमा माइक्रोचिपसँग जोडिएका वैश्विक राजनीतिका शोधकर्ता एवं ताइवानका पूर्वसांसद जेसन शू माइक्रोचिपको महत्त्वबारे कुरा गर्दै भन्छन्, "जब आर्टिफिसियल इन्टेलिजेन्सको माध्यमबाट नयाँ औषधि बनाइन्छ, त्यससँग सम्बन्धित जटिल जानकारीलाई प्रशोधन गर्न आवश्यक हुन्छ। यसका लागि एडभान्स माइक्रोचिपको प्रयोग गरिन्छ। प्रविधिको दृष्टिकोणले यो निकै महत्वपूर्ण छ।"

जेसनले प्रविधि विकास रणनीतिमा प्रमुख भूमिका खेलेका छन्। उनी भन्छन्, "उन्नत माइक्रोचिपको विकासले 'मर्स ल'को सिद्धान्तलाई पछ्याउँछ। त्यो हो, हरेक दुई वर्षमा नयाँ पुस्ताको चिपको आकार सानो हुँदै जान्छ तर यो दोब्बर शक्तिशाली हुन्छ र यसको जटिल र विशाल डाटा प्रशोधन गर्ने शक्ति दोब्बर हुँदै जान्छ र आकार आधा हुन्छ।"


माइक्रोचिपको आकार नैनोमिटरमा नापिन्छ। ताइवानमा बनाइएको उन्नत माइक्रोचिप तीन न्यानोमिटर मात्रै रहेको छ। लगभग २५ मिलियन उन्नत चिपहरू एक इन्च बराबरका छन् भन्ने तथ्यबाट यसको आकार कति सानो छ भनेर अनुमान गर्न सकिन्छ।

माइक्रोचिपहरू शक्तिशाली छन् तर तिनीहरूलाई बनाउनु उत्तिकै जटिल छ। तिनीहरूलाई बनाउने प्रक्रिया उन्नत प्रयोगशालामा गरिन्छ। यी प्रयोगशालाहरूलाई फैब भनिन्छ।

जेसन यस्तो ल्याबमा गएका छन् र यसबारे कुरा गर्दै उनी भन्छन्, "यी ल्याबहरू भविष्यका कुनै युगका हुन् जस्तो देखिन्छन्। त्यहाँ काम गर्ने मानिसहरूले अनौठो सुट लगाएका हुन्छन्। त्यहाँ जटिल र सटीक उपकरणहरू छन्। यो 'मिशन इम्पोसिबल' फिल्मको सेट जस्तो देखिन्छ।"

ठूला हलिउड चलचित्रहरू जस्तै यो फैब पनि धेरै महँगो छ। यसको बजेट पनि निकै उच्च हुन्छ। फैब ल्याब बनाउन २० अरब डलरसम्मको लागत र यसको निर्माणमा वर्षौं लाग्छ।

जेसन शू यी प्रयोगशालाहरूमा हुने जटिल प्रक्रियाहरूमा ध्यानाकर्षण गराउँदै भन्छन्, "यी अत्याधुनिक र सोफिस्टिकेटेड प्रयोगशालाहरू हुन् र यहाँ विशेष मेशिन र उपकरणहरूद्वारा माइक्रोचिपहरू बनाइन्छ।" विश्वका थोरै गिनेचुनेका कम्पनीहरूले मात्र यी मेशिनहरू बनाउँछन्। यो कुनै सामान्य




प्रयोगशाला होइन जुन तपाईंले इँटा र स्टीलबाट बनाउनुहुन्छ। यो धेरै जटिल र यहाँ उच्च प्रशिक्षित तथा दक्ष इन्जिनीयरहरू काम गर्छन्। र यसको सजिलै नकल गर्न सकिंदैन।

फैब ल्याबको अर्को विशेषता यो हो कि यो कहिल्यै बन्द हुदैन। जेसन बताउँछन्, "इन्जिनीयरहरू प्रयोगशालामा दुई वा तीन सिफ्टमा काम गर्छन्। यसका प्लान्टहरू कहिल्यै बन्द हुँदैनन्। तिनीहरूमा निरन्तर परिवर्तन भइरहेको हुन्छ, यहाँ उत्पादन प्रक्रिया परिवर्तन भइरहन्छ। ताइवान यस क्षेत्रमा अगुवा बनिरहनेछ र तपाईंले देख्न सक्नुहुन्छ कि यो संसारको लागि कति मूल्यवान् छ।"

**ताइवानका प्रविधि नियमहरू**

माइक्रोचिप पहिलो पटक सन् १९५० को दशकमा अमेरिकी कम्पनी टेक्सास इन्स्ट्रुमेन्ट्सका प्राविधिक इन्जिनीयर ज्याक क्युबीले बनाएका थिए। यी चिपहरू पहिले पकेट क्याल्कुलेटरमा प्रयोग गरिन्थ्यो। त्यसपछि मोबाइल फोन र अन्य इलेक्ट्रोनिक उत्पादनहरूमा प्रयोग हुन थाल्यो।

टफ्स युनिभर्सिटीका प्रोफेसर क्रिस मिलर बताउँछन् कि ताइवान विगत पचास वर्षदेखि इलेक्ट्रोनिक सामग्रीहरू उत्पादन गर्ने प्रमुख देश भएको छ।

उनी भन्छन्, "सन् १९७० को दशकमा ताइवान सरकारले मोरिस चेन नामक इन्जिनीयरलाई ताइवानमा चिप उत्पादन गर्ने कम्पनी बनाउन आमन्त्रित गरेको थियो र उनले ताइवान सेमीकन्डक्टर म्यानुफ्याक्चरिङ कम्पनी स्थापना गरे। त्यस बेलादेखि कम्पनीको व्यापार निकै विस्तार भएको छ। र आज विश्वमा बिक्री हुने उन्नत माइक्रोचिपमध्ये ९० प्रतिशत यही कम्पनीमा बनेको हुन्छ।

विश्वभरमा पुरानो सामान्य माइक्रोचिपको बजारको चालीस प्रतिशत हिस्सा ताइवान सेमीकन्डक्टर म्यानुफ्याक्चरिङ कम्पनी अर्थात् TSMC सँग छ। यो कम्पनीले एप्पल कम्पनीसँग पनि साझेदारी गरेको छ। गत वर्ष TSMC ले पाँच हजारभन्दा बढी कम्पनीको लागि १२ हजारभन्दा बढी किसिमका माइक्रोचिप निर्माण गरेको थियो।

क्रिस मिलर भन्छन्, "धेरैजसो माइक्रोचिप चीनमा निर्यात गरिन्छ, जहाँ विश्वभर आपूर्ति हुने मोबाइल फोन र इलेक्ट्रोनिक सामग्रीहरू बनाउन प्रयोग गरिन्छ।"

"यो महत्त्वपूर्ण होइन कि यी माइक्रोचिपहरू पहिले कहाँ पठाइन्छ। तथ्य यो हो कि जुन इलेक्ट्रोनिक सामग्रीहरूमा यी माइक्रोचिपहरू लाग्छन्, ती विश्वभर बेचिन्छन्। त्यसैले विश्वका धेरै देश ताइवानको माइक्रोचिप्सका ग्राहक हुन्।"

यस उद्योगमा ताइवान शीर्ष स्थानमा पुग्नुअघि जापान र अमेरिकाका कम्पनीहरूको प्रभुत्व थियो, जसले प्रायः मेमोरी चिप र लजिक चिपहरू बनाउँथे। क्रिस भन्छन्, "अहिले चिप उद्योग दुई भागमा विभाजित भएको छ। एउटा चिप डिजाइन गर्ने कम्पनीहरू र अर्को उत्पादन गर्ने कम्पनीहरू। पहिले माइक्रोचिप डिजाइन गर्ने कम्पनीहरूले पनि उत्पादन गर्थे। अहिले धेरै कम्पनी जस्तै एप्पल, एएमडी र एनविडियाले चिपको मात्र डिजाइन गर्छन् र यसलाई अर्को कम्पनीबाट उत्पादन गराउँछन्। अब TSMC उन्नत चिप बनाउने सबैभन्दा ठूलो कम्पनी हो।"

**चीनको चाल**

विश्वभरमा चीन माइक्रोचिपको सबैभन्दा ठूलो उपभोक्ता हो र ताइवानी कम्पनी TSMC को चीनमा दुईवटा माइक्रोचिप प्लान्ट छन्। चीन माइक्रोचिपको आवश्यकता पूरा गर्न आत्मनिर्भर हुन चाहन्छ।

अमेरिकास्थित जर्मन मार्शल फन्डका उदीयमान प्रविधिकी वरिष्ठ अनुसन्धानकर्ता लिन्डसे गार्मनको यो मान्यता छ कि चीनले आफ्नो सेनालाई आधुनिकीकरण गर्न र मानव अधिकारमा अङ्कुश लगाउने हतियारहरू निर्माण गर्नको लागि चिप उद्योगमा ठूलो भूमिका खेल्न चाहन्छ।

लिन्डसे गोर्मन भन्छिन्, "चीन आफैंले सन् २०१४ मा माइक्रोचिप बनाउनको लागि २२ अरब डलरको कोष खडा गर्‍यो ताकि चिपमा ताइवानमा मात्र नभई अन्य देशहरूका कम्पनीहरूमाथिको निर्भरता कम होस्। यसको लागि चीनले आक्रामकरूपमा प्रविधिका प्रतिभाहरूलाई आकर्षित गरिरहेको छ। विशेषगरी ताइवानका इन्जिनीयरहरूलाई तलबमा भारी वृद्धि, किफायती आवास र वर्षमा आठपटकसम्म घर जानको लागि हवाई भाडा र अन्य धेरै प्रलोभन प्रस्ताव गरेर आकर्षित गर्न खोजिरहेको छ।"

चिनियाँ राष्ट्रपति सी जिनपिङले यस क्षेत्रमा चीनको प्राथमिकता दोहोर्‍याएका छन्।

लिन्डसे गोर्मन भन्छिन्, "हालै उनले चीनमा चिप उद्योगको विकास गर्न यो भन्दै जोड दिएका छन् कि चिपको उत्पादन आफैं गर्नु चीनको लागि धेरै आवश्यक छ। चीनलाई विश्वमा महाशक्ति बन्ने महत्त्वाकाङ्क्षाको लागि यो उद्योग निकै महत्त्वपूर्ण रहेको गोर्मन बताउँछिन्।

चीन र ताइवानबीचको सैन्य तनाव धेरै वर्षपछि अहिले चरम सीमामा छ। ताइवानले आफूलाई स्वतन्त्र राष्ट्र ठान्छ भने चीनले ताइवानलाई आफ्नो हिस्सा ठान्छ। एक परिधारणा छ, जसलाई सिलिकन शिल्ड भनिन्छ अर्थात् ताइवानमाथि चीनको आक्रमणको विरुद्धमा सिलिकन सुरक्षात्मक ढाल हो। यसको मतलब सिलिकन माइक्रोचिप आपूर्तिको लागि ताइवानमा निर्भरताका कारण चीनले आक्रमण गर्नुअघि दुईपटक सोच्नेछ। तर अमेरिकालाई पनि यो माइक्रोचिप चाहिन्छ, त्यसैले उसले ताइवानलाई सधैं समर्थन गर्छ।

चीन र ताइवानबीचको विवादबारे लिन्डसे भन्छिन्, "चीन र ताइवानबीच ऐतिहासिक मतभिन्नताहरू छन्, तर माइक्रोचिप उद्योगले यसलाई नयाँ आयाम दिएको छ। क्षेत्रीय वर्चस्वसँगै यो अब चीन र अमेरिकाबीच प्रविधिको युद्धको मोर्चा बन्दै गइरहेको छ।"

चीनलाई रोक्नको लागि अमेरिकाले निर्यातमा धेरै प्रतिबन्ध लगाएको छ ताकि चीनले उन्नत माइक्रोचिप सजिलै नपाओस्।

यी माइक्रोचिपहरूको बारेमा कुरा गर्दै लिन्डसे गोर्मन भन्छिन्, "यी ती माइक्रोचिपहरू होइनन् जुन कारको एयर ब्याग वा वाशिङ मेशिनमा प्रयोग गरिन्छ। यसलाई शक्तिशाली र सटीक प्रहार गर्ने क्षमता भएका आधुनिक सैन्य हतियारहरूमा प्रयोग गरिन्छ। यसको प्रयोग आर्टिफिशियल इन्टेलिजेन्स मेशिन र सुपर कम्प्युटरमा गरिन्छ, जसको प्रयोग गरेर चीनले सिनजियाङ प्रान्तमा आफ्नो देशका मुस्लिम अल्पसङ्ख्यकहरूको निगरानी गर्छ।

मानव अधिकार उल्लङ्घनका कारण देखाउँदै अमेरिकाले चीनमाथि धेरै निर्यात प्रतिबन्ध लगाएको छ, जुन अहिले महँगो साबित भइरहेको छ। तर के यसले चीनलाई कुनै नराम्रो असर गरिरहेको छ ?

लिन्डसे गोर्मनका अनुसार यसको प्रभाव परिरहेको छ र चीनको महत्त्वाकाङ्क्षालाई धेरै हदसम्म रोकेको छ। तर अमेरिकाले यी निर्यात प्रतिबन्धहरूमा केही रोचक अस्थायी अपवादहरू राखेको छ।

लिन्डसे भन्छिन्, "धेरै कम्पनीलाई यो प्रतिबन्धको दायराबाट एक वर्षको लागि बाहिर राखिएको छ र उनीहरूले एक वर्षसम्म चीनमा आफ्नो उपकरण बनाउन जारी राख्न सक्छन्। यसमा TSMC पनि समावेश छ। एक वर्षपछि के गर्ने भन्ने स्पष्ट छैन।"

के चीनले यो कदमको बदला लिन सक्छ ? किनभने जुन सिलिकनबाट माइक्रोचिप बनाइन्छ, चीनमा ठूलो परिमाणमा उपलब्ध छ। यसैबीच, एउटा महत्त्वपूर्ण र सान्दर्भिक प्रश्न यो छ कि चीनले यो कच्चा पदार्थ बाहिर जानबाट रोक्न सक्छ ?

यसबारे लिन्डसे गोर्मनको विश्वास छ कि चीनले यस्तो गर्न सोच्न सक्छ, तर यी सिलिकनहरू अन्य देशहरूमा पनि उपलब्ध छन् र तिनीहरू अमेरिकाका सहयोगी हुन्।

**सिलिकन चिप्सको खोज**

चिप उद्योगमा ताइवानलाई हराउन कुनै देशको लागि कतिको सजिलो छ भन्ने बारेमा स्टीफन नोया पोलिसी रिसर्चकी अनुसन्धानकर्ता र माइक्रोचिपसँग सम्बन्धित वैश्विक र क्षेत्रीय राजनीतिकी विशेषज्ञ जुडी हेस भन्छिन् कि केही वर्षमा कुनै पनि देशको लागि केही वर्षमैं माइक्रोचिपको उत्पादनमा ताइवाननजीक पुग्न सजिलो छैन तर धेरै गाह्रो छ। यसको कारण उनी निर्माणको जटिल प्रक्रियालाई मान्छिन्।

जुडी हेस भन्छिन् कि चिपलाई तीन स्तरमा विकसित गरिन्छ र यो अन्य देशहरूको आपसी सहयोगविना गाह्रो छ। पहिलो स्तर हो, उन्नत माइक्रोचिपको डिजाइन, जसमा अमेरिका अगाडि छ।

बाँकी उत्पादन स्तरका बारेमा जुडी भन्छिन्, "निर्माणका सयौं प्रक्रिया हुन्छन्, जसको लागि माइक्रोचिप कम्पनीलाई विभिन्न देशबाट आउने विभिन्न कच्चा पदार्थ, रसायन र उपकरणहरू चाहिन्छ। र यसमा धेरै देशबीच आपसी सहयोगको खाँचो रहन्छ। धेरै उपकरण एशियामा पाइन्छन्, तर केही उपकरण र इन्जिनीयरहरूले लगाउने विशेष ट्रङ्कसुटहरू युरोपबाट आउँछन्।"

माइक्रोचिपको परीक्षण र प्याकेजिङ उत्पादनको अन्तिम चरण हो।

विभिन्न देशको सहभागितामा बनेको यो माइक्रोचिपको बारेमा जुडी भन्छिन्, "यो काम धेरैजसो चीन र मलेशियामा हुन्छ। तर यसको लागि धेरै प्रकारका केमिकल र उपकरण पनि चाहिन्छन्। यी सामानहरू अमेरिकाबाट ल्याइन्छन्। यो एउटा पज्जल जस्तै हो, जुन विभिन्न भागहरू जोडेर बनाइएको हुन्छ।"

TSMC जस्ता कम्पनीसँग प्रतिस्पर्धा गर्न कुनै पनि देशले यो उत्पादन शृङ्खला स्थापना गर्नुपर्छ। अक्टोबरमा अमेरिकी राष्ट्रपति जो बाइडेनले एक ट्वीटमा भनेका छन् कि अमेरिकाले माइक्रोचिप उत्पादनमा नेतृत्व गर्नेछ। यो दौडमा अमेरिकासँगै युरोपियन युनियन पनि छ।

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

### डिटोक्स ड्रिंक किन राम्रो मानिन्छ ?

डिटोक्स ड्रिंकमा क्यालोरी पनि कम हुन्छ, त्यसैले मानिसहरूले यसलाई तौल घटाउने आहारमा पनि समावेश गर्छन्। स्वस्थ रहन खानपानमा मात्र नभई पानीको सेवनमा पनि समान ध्यान दिनु जरुरी छ।



सामान्यतया मानिसहरू सादा पानी पिउनबाट जोगिन्छन्। यस्तो अवस्थामा डिटोक्स ड्रिंक बनाउनु र पिउनु नै उत्तम उपाय हो। ताजा फलफूल, तरकारी वा जडीबुटीहरू मिश्रण गरिन्छ। यसले पानीको स्वाद धेरै बढाउँछ।

डिटक्स ड्रिंकले तपाईंको दैनिक पानीको सेवन बढाउँछ, तर यो ड्रिंक एक्लैले तपाईंलाई वजन घटाउन मदत गर्दैन। तौल घटाउनको लागि तपाईंले आफ्नो आहार, व्यायाम, निद्रा आदि जस्ता धेरै महत्त्वपूर्ण पक्षमा ध्यान दिनुपर्छ। तपाईंको शरीरलाई विषाक्त पदार्थहरूबाट छुटकारा पाउन मदत गर्न तपाईंले गर्न सक्ने सबैभन्दा महत्त्वपूर्ण चीजहरूमध्ये एक तपाईंको कलेजोको हेरचाह गर्नु हो। तपाईं आफ्नो आहारमा ध्यान दिएर शरीरलाई प्राकृतिकरूपमा डिटक्सिफाइ गर्न सक्नुहुन्छ। डिटोक्स ड्रिंक बढी सेवन गर्नु फाइदाजनक हुन्छ।

यदि तपाईं पनि डिटोक्स ड्रिंक सेवन गर्नुहुन्छ भने यसको मात्रामा ध्यान दिनुहोस्। बिहान खाली पेटमा डिटोक्स ड्रिंक सेवन गर्नु राम्रो मानिन्छ। तर केही डिटोक्स ड्रिंक दिनको समयमा पनि लिन सकिन्छ। तपाईं दिनमा दुईदेखि तीन गिलास डिटोक्स ड्रिंक पिउन सक्नुहुन्छ, तर त्योभन्दा बढी उपभोग नगर्नुहोस्।

### के तातोपानीले खराब कोलेस्ट्रोल घटाउँछ ?

मधुमेह जस्तै, कोलेस्ट्रोल पनि एक जीवनशैली रोग हो। र यदि यो रोगका लक्षणहरूलाई समयमैं ध्यान दिइएन भने यसले धेरै अङ्गलाई नराम्रो असर गर्छ।



कोलेस्ट्रोल एक फोहोर मोम जस्तो पदार्थ हो, जुन रगतका नसाहरूमा जम्मा हुन्छ र रक्तनलीहरू साँघुरो हुन्छ। स्वास्थ्यविज्ञसँग परामर्श लिएर औषधिबाट कोलेस्ट्रोल नियन्त्रण गर्न सकिन्छ, तर औषधि खान मन नलागेमा घरेलु उपचारबाट प्राकृतिकरूपमा नियन्त्रण गर्न सकिन्छ। तातोपानीले पनि कोलेस्ट्रोल कम गर्छ। कोलेस्ट्रोलको मात्रा बढी हुँदा रक्तसञ्चारमा असर गर्छ र मुटुमा रगत राम्ररी नपुग्दा हृदयाघात हुन सक्छ। यसका साथै मस्तिष्कमा रगतको आपूर्तिमा बाधा पुगेमा ब्रेन स्ट्रोकको खतरा बढ्छ।

तातोपानीले ब्लड फ्ल्युडलाई छिटो बढाउँछ। रगतमा तरल पदार्थको कमीका कारण रगत बाक्लो हुन थाल्छ र यसले रक्तसञ्चारमा असर गर्छ। तातोपानीले रगतलाई पातलो बनाउँछ र रक्तसञ्चारमा सुधार गर्छ। कोलेस्ट्रोल रक्तनलीमा नराम्रो फ्याट लिपिड जम्मा हुँदा हुन्छ। यो समस्यामा तातोपानी निकै प्रभावकारी उपाय हो। तातोपानी खाँदा निस्कने खराब फ्याट लिपिड प्रोफाइललाई घटाएर शरीरमा बोसो जम्मा हुनबाट रोक्छ। तातोपानीले ट्राइग्लिसराइड कम गर्न मदत गर्छ। तातोपानी र लसुनले पनि कोलेस्ट्रोलको समस्या कम गर्छ। खाली पेटमा तातोपानीसँग लसुन खाँदा कोलेस्ट्रोल घटाउनुका साथै मुटुसँग सम्बन्धित समस्या पनि हट्छ।

### चियासँग यी चिज खाँदा खानुहुँदैन

धेरैजसो मानिसलाई चिया पिउन मन पर्छ। चियासँगै केही न केही खान मन पराउनेहरू धेरै छन्। मानिसहरू प्रायः चियासँग पराठा, पुरी, पकोडा, समोसा, खाजा वा बिस्कुट खान्छन्।

धेरैलाई चियासँग केही खाने यस्तो नराम्रो लत हुन्छ कि उनीहरू दिउँसो र बेलुकाको खानामा पनि चिया पिउन रुचाउँछन्। तर के तपाईंलाई थाहा छ चियासँग केही खाने बानीले तपाईंको स्वास्थ्य बिगार्छ।

हामी प्रायः चियाको साथमा यस्ता चीजहरू खान्छौं, जुन स्वास्थ्यको लागि धेरै हानिकारक हुन्छ। चियासँग गलत चीज खाँदा तपाईंको कलेजोमा हानि पुर्‍याउन सक्छ र तपाईंलाई जीवनभर एसिडिटीको समस्या पनि हुन सक्छ। राम्रो स्वास्थ्य र तन्दुरुस्तीको लागि, तपाईंले ती चीजहरूको उपभोग गर्नबाट जोगिनै पर्छ।



**चियासँग फ्रेन्च फ्राइजको सेवन:** धेरैपटक मानिस चियासँग फ्रेन्च फ्राइज, बर्गर, पिज्जा वा फ्रिटर खान मन पराउने गरेका देखिन्छन्।

तर के तपाईंलाई थाहा छ, यी चीजका सेवनले तपाईंको कलेजोमा धेरै नराम्रो असर गर्छ। यी सबै खानेकुरा बोसोले भरिपूर्ण हुन्छन्, जसलाई कलेजोले पचाउन निकै मेहनत गर्नुपर्ने हुन्छ र यसले कलेजोको आयु घटाउन सक्छ।

**कडा नून मिसाएको खानेकुरा:** चियामा नून खानु स्वास्थ्यको लागि हानिकारक हुन्छ। चियामा नून बढी खाँदा शरीरमा पानी जम्ने समस्या हुन सक्छ। चिप्स, स्न्याक्स वा बिस्कुट जस्ता डिब्बाबन्द वा प्याक गरिएका खानेकुरा खाँदा फ्याटी लिभर र मोटोपनको समस्या बढ्न सक्छ।

**रोटीसँग चिया पिउने बानी:** प्रायः मानिसहरू बिहानको खाजामा चियासँग रोटी खान रुचाउँछन्। तर दिनचर्याको यो बानी स्वास्थ्यका लागि निकै हानिकारक छ। चियासँग रोटी खाँदा रगतमा चिनीको मात्रा बढ्छ र योसँगै फ्याटी लिभरको समस्या पनि निम्त्याउँछ।

**हरियो सागसब्जीबाट बनेका खानेकुरा:** चियासँग पराठा, पकोडा आदि हरियो तरकारीबाट बनेका खानेकुरा खाँदा हानिकारक हुन्छ। यी दुई सँगै खाँदा कलेजोलाई पचाउन गाह्रो हुन्छ, जसका कारण तपाईंलाई पेटको समस्या हुन सक्छ।

**बेसारको सेवन:** चियामा बेसारको सेवन गर्नुहुँदैन। बेसारको गुणले चियासँग प्रतिक्रिया गर्न सक्छ र पेटलाई हानि पुर्‍याउँछ। यी दुई सँगै सेवन गर्दा एसिडिटी र पेट फुल्ने समस्या हुन्छ।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# चिनियाँ 'बेलुन' समुद्रमा खसालियो

वाशिङ्टन, २२ माघ/एएफपी

अमेरिकी बाइडेन प्रशासनले शनिवार अमेरिकी एटलान्टिक तटमा चिनियाँ 'बेलुन' खसालेकोमा पेन्टागनको प्रशंसा



गरेको छ। तर चीनले यस कदमप्रति आफ्नो कडा असन्तोष व्यक्त गर्दै आवश्यक प्रतिक्रिया दिन सक्ने बताएको छ।

उक्त बेलुनले उत्तर अमेरिकी क्षेत्रमा केही दिन बिताएको पेन्टागनका अधिकारीहरूले बताएका छन्। पेन्टागन स्रोतका अनुसार एफ-२२ विमानबाट क्षेप्यास्त्र प्रहार गरी दक्षिणपूर्वी राज्य दक्षिण क्यारोलिनाको तटमा उक्त बेलुनलाई खसालिएको हो।

"चीनले हाम्रो सार्वभौमिकताको अस्वीकार्य उल्लङ्घन गरेको प्रतिक्रियास्वरूप बेलुन खसाल्नु 'जानाजानी गरिएको र विधिसम्मत कदम हो," अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले भने। चीनको विदेश मन्त्रालयले आइतवार बिहान एक विज्ञप्ति जारी गर्दै अमेरिकी कदमको निन्दा गर्दै नागरिक विमान (बेलुन) खसालेको घटना स्पष्टरूपमा अतिरञ्जित र अन्तर्राष्ट्रिय अभ्यासको गम्भीर उल्लङ्घन भएको बताएको छ।

एक वरिष्ठ रक्षा अधिकारीले पत्रकारहरूसँग भने, "शनिवार अपराह्न सेनाले बेलुनलाई अमेरिकीहरूको सुरक्षाको लागि खतरा उत्पन्न नगर्ने गरी खसाल्ने पहिलो मौका थियो।"

प्रत्यक्षदर्शीले सामाजिक सञ्जालमा पोस्ट गरेको भिडियोमा बेलुन सेतो पफमा टुक्रिएको जस्तो देखिएको थियो र यसको अवशेष तल एटलान्टिक महासागरमा सीधैं खसेको देखिएको छ।

ट्विटर प्रयोगकर्ता हेली वाल्शले दक्षिण क्यारोलिनाको एक लोकप्रिय रिसोर्ट शहर मर्टलबिचमा विस्फोटको आवाज सुनेको र महसूस गरेको बताएकी छन्। अमेरिकी राष्ट्रपति जो बाइडेनले शनिवार बेलुनको निगरानी गर्ने बताएका थिए। राष्ट्रपति बाइडेनले मेरिल्यान्डमा पत्रकारहरूसँगको कुराकानीमा भने, "उनीहरूले यसलाई सफलतापूर्वक तल झारे। म यस कार्यमा सरिक हुने हाम्रा 'एभिएटर्स'को प्रशंसा गर्छु," बाइडेनले पत्रकारहरूलाई भने।

अमेरिकी अधिकारीहरूले अमेरिकी आकाशमा एउटा ठूलो चिनियाँ 'सर्भिलेन्स बेलुन' ट्र्याक गरिरहेको बताएपछि बिहीवार विवाद शुरू भएको थियो।

घटनापछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले अमेरिका र चीनबीच बढ्दो तनावलाई नियन्त्रण गर्न गर्ने भनिएको बेइजिङको दुर्लभ भ्रमण रद्द गरेका थिए।

प्रारम्भिक हिचकिचाहटपछि बेइजिङले 'एयरशिप'को स्वामित्व स्वीकार गरेको थियो। तर यसलाई मौसम अनुसन्धानका लागि गरिएको एउटा नागरिक बेलुन भन्दै यो घटनाप्रति खेद व्यक्त गरेको थियो।

शनिवारको प्रतिक्रियापछि विदेश मन्त्रालयले 'मानवरहित नागरिक हवाईजहाजमाथि आक्रमण गर्न संयुक्त राज्य अमेरिकाले बल प्रयोग गरेकोमा' चीनले कडा असन्तोष र विरोध व्यक्त गरेको भनेको छ।

मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "संयमित ढङ्गले जवाफ दिनुको साटो संयुक्त राज्य अमेरिकाले बल प्रयोग गर्न जोड दिएको छ।"

विज्ञप्तिमा भनिएको छ, "चीनले सम्बन्धित उद्यमहरूको वैध अधिकार र हितको दृढतापूर्वक रक्षा गर्नेछ र थप आवश्यक प्रतिक्रियाहरू दिने अधिकार सुरक्षित राख्नेछ।"

पेन्टागनका अधिकारीहरूले शनिवार पत्रकारहरूलाई बताए अनुसार बेलुन पहिलोपटक जनवरी २८ मा अलास्काको अमेरिकी आकाशमा प्रवेश गरेको थियो।

हालैको इतिहासमा यस्तो विमान अमेरिकी भूमिमा उडेको यो पहिलो घटना भने होइन, वरिष्ठ रक्षा अधिकारीले भने, यद्यपि यो देशमा बिताएको सबैभन्दा लामो समय हो। डोनाल्ड ट्रम्पको कार्यकालमा तीनवटा बेलुन र बाइडन प्रशासनको पालामा एउटा बेलुन देखिएको थियो। रासस

# सम्पत्ति घोषणा गर्न आइएमएफको आग्रह

इस्लामाबाद, २२ माघ/एएनआई

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले पाकिस्तानलाई १७औं तह र त्यसभन्दा माथिका सरकारी अधिकारीको सम्पत्ति घोषणा गर्न आग्रह गरेको छ। साथै आइएमएफले १७औं तह र माथिका उच्च पदस्थ कर्मचारीका परिवारका सदस्यको सम्पत्ति अनिवार्यरूपमा घोषणा गर्न आग्रह गरेको छ।



तस्वीरः फाइल

पाकिस्तानलाई आर्थिक सहायता उपलब्ध गराउने सन्दर्भमा देशको वस्तुस्थिति बुझ्न तथा सरकारी अधिकारीहरूसँग वार्ता गर्न आएको आईएमएफको टोलीले उक्त आग्रह गरेको दैनिक अखबार द नेशनले जनाएको छ।

सरकारी टोलीसँग आइएमएफले आर्थिक नीति तथा वित्तीय सुधारका विषयमा विचारविमर्श गरिरहेको छ। वार्ता आगामी बिहीवारसम्म जारी रहनेछ।

सम्पत्ति घोषणाको प्रक्रिया सहज तुल्याउन कानून कार्यान्वयन निकायलाई सम्पत्तिमा पहुँच दिने निर्देशिका तर्जुमा गरिनेछ। आइएमएफले स्थानीय मुद्राका लागि बजार निर्धारित विनियम दर, इन्धन अनुदान सहजतालगायत आर्थिक सङ्कटबाट पार लगाउने उपायसहित धेरै पूर्वशर्त अघि सारेको छ। हालै पाकिस्तानको केन्द्रीय बैंकले विनिमय दरको सीमा हटाएको छ भने सरकारले इन्धनको मूल्य १६ प्रतिशतले वृद्धि गरेको छ। भ्रष्टाचार नियन्त्रण तथा जवाफदेहिता सुनिश्चित गर्नुपर्नेमा जोड दिंदै आइएमएफको टोलीले त्यस निम्ति कार्यदल गठन गर्ने सरकारी प्रतिबद्धता पूरा गर्न आग्रह गरेको छ। रासस

# पूर्वराष्ट्रपति मुशर्रफको निधन

इस्लामाबाद, २२ माघ/एएफपी

पाकिस्तानका पूर्वसैनिक जनरल तथा राष्ट्रपति परवेज मुशर्रफको निधन भएको सेनाले आइतवार जानकारी गराएको छ। उनी ७९ वर्षका थिए।

पाकिस्तानका पूर्वराष्ट्रपति परवेज मुशर्रफको आइतवार संयुक्त अरब इमिरेट्स (युएई)को दुबईस्थित अमेरिकी अस्पतालमा निधन भएको हो।

सेनाका वरिष्ठ प्रमुखहरूले जनरल परवेज मुशर्रफको दुःखद निधनप्रति हार्दिक समवेदना व्यक्त गरेको सेनाको सञ्चार शाखाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। "अल्लाहले दिवंगत आत्मालाई आशीर्वाद दिऊन् र शोक सन्तप्त परिवारलाई शक्ति प्रदान गरून्," विज्ञप्तिमा भनिएको छ।

उनको परिवारका सदस्यलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले पूर्वराष्ट्रपति मुशर्रफको 'एमाइलोइडोसिस'का कारण निधन भएको उल्लेख गरेका छन्।


घर निर्माण गर्दा निर्धारित मापदण्डको पालना गरौं,
शहरको सौन्दर्यीकरणमा सहयोग गरौं।

वीरगंज महानगरपालिका कार्यालय


## आजको राशिफल

| | |
|---|---|
| मेष – भयचिन्ता | वृष – राज्यलाभ |
| मिथुन – अतिथी आगमन | कर्कट – सुयश |
| सिंह – खर्चवृद्धि | कन्या – मनोरञ्जन |
| तुला – कर्मप्राप्ति | वृश्चिक – ईश्वरभक्ति |
| धनु – रोगभय | मकर – व्यापारवृद्धि |
| कुम्भ – शत्रुपराजय | मीन – ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# नेत्र ज्योति सङ्घ, पर्साको अध्यक्षमा चौधरी सर्वसम्मत

प्रस, वीरगंज, २२ माघ/

नेपाल नेत्रज्योति सङ्घ, पर्सा जिल्ला शाखाको साधारणसभा शनिवार सम्पन्न भएको छ।

माईस्थान अतिथि सदनमा सङ्घकी अध्यक्ष मधु राणाको अध्यक्षतामा भएको साधारणसभाको उद्घाटन सङ्घका केन्द्रीय वरिष्ठ उपाध्यक्ष श्यामकुमार पोखरेलले गरेका थिए।

साधारणसभाले भगवतीप्रसाद चौधरीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको निर्वाचन अधिकृत रवीन्द्र चौधरीले बताए।

समितिका सदस्यहरूमा मदनप्रसाद गुप्ता, महन्तप्रसाद गुप्ता, गणेश साह, सीताराम उपाध्याय, उमेश गुप्ता, सन्तोष जयसवाल, सुरेन्द्र रञ्जीतकार, प्रदीप केडिया, सुनीता नेपाल, उमेश साह कानू र दीपिका श्रेष्ठ सर्वसम्मत निर्वाचित



तस्वीरः प्रतीक

भएका छन्। उनीहरूलाई निर्वाचन अधिकृत चौधरीले प्रमाणपत्र वितरण गरेका थिए भने केन्द्रीय वरिष्ठ उपाध्यक्ष पोखरेलले सङ्घको आचारसंहितासहितको शपथ गराएका थिए।

कार्यक्रममा फूलमहम्मद मियाँ, वीरेन्द्रराज कँडेल, मधुसूदन उपाध्याय, सुरेन्द्र सर्राफ, राजनकुमार श्रीवास्तव, प्रकाश वर्मा, ग्याँसुद्दीन मियाँ देवान, ओमप्रकाश जायसवाल, सुनीता गौतम, शिवजी साहलगायतको सहभागिता थियो।

# कृषि सहकारी सङ्घ पर्साको साधारणसभा

प्रस, वीरगंज, २२ माघ/

जिल्ला कृषि सहकारी सङ्घ




लिमिटेड, पर्साको ११औं वार्षिक साधारणसभा शनिवार ठोरी गाउँपालिकाको रानीवन पिकनिक पार्कमा सम्पन्न भएको छ। संस्थाका अध्यक्ष शिवकुमार साहको अध्यक्षतामा भएको साधारणसभामा आव २०७८/७९ को वार्षिक कारोबारसहित आय-व्यय प्रतिवेदन संयोजक अरबिन्दकुमार साहले प्रस्तुत गरेका थिए। सो अवसरमा अध्यक्ष साहले सङ्घले स्थापनाकालदेखि सदस्य संस्था एवं कृषक वर्गको उत्थान, क्षमता विकास, सुशासन र व्यवस्थापनको लागि सरोकारवाला निकायसँग समन्वय, सहकार्य, छलफल, अन्तर्क्रिया, संवाद र अध्ययन-अनुसन्धानको माध्यमबाट वकालत गर्दै आएको तथा भविष्यमा गरिरहने बताए।

यसैगरी, साधारणसभाले आगामी चार वर्षको लागि साहकै अध्यक्षतामा १५ सदस्यीय सञ्चालक समिति चयन गरेको छ। समितिको वरिष्ठ उपाध्यक्ष सञ्जीत चौधरी, महिला उपाध्यक्ष नीलम भारती, महासचिव अनिरुद्ध प्रसाद, सचिव नबिआलमराउत गद्दी, कोषाध्यक्ष दिलीप रौनियारलगायत सदस्यहरू छन्। कार्यक्रममा स्वागत रामबाबू यादवले गरेका थिए।

### विश्वमा माइक्रोचिप्स ...

दुवैले यसमा लगानीका लागि कानून बनाएका छन्।

यसबारे जुडी भन्छिन्, "दुवैको कानूनमा माइक्रोचिप उत्पादनलाई प्रवर्धन गर्न अनुदान दिने कुरा गरिएको छ ताकि कम्पनीको प्रतिस्पर्धात्मकता बढोस् र देशमैं अत्याधुनिक फैब ल्याबहरू निर्माण गर्न सकियोस्। तर दुवैले अनुदानका लागि अलग-अलग शर्तहरू राखेका छन्।" उनी थप भन्छिन्, "अमेरिकाको शर्त छ कि अनुदानप्राप्त उत्पादन कम्पनीले चीनमा लगानी गर्न सक्दैन। जबकि इयुको नियम अनुसार अनुदानप्राप्त कम्पनीले इयुको चिप आपूर्तिको माग पूरा गरेर बाँकी चिप चीनलाई बेच्न सक्छ।" जुडी हेसको मान्यता छ कि सरकारी अनुदान लाभदायक त हुनेछ तर TSMC जस्तो कम्पनीलाई पछाडि छोड्न सक्षम हुनेछैन।

कुनै पनि वस्तुको माग र आपूर्तिको समन्वयमा उतारचढाव हुन्छ। तर विश्वका आवश्यकताहरू पूरा गर्न चिप आपूर्तिका लागि आवश्यक कच्चा पदार्थ, प्राविधिक सीप र स्रोतहरू उपलब्ध छन्। तर आकारमा सानो यस प्रविधिका कारण ताइवान अमेरिका र चीन जस्ता महाशक्तिको बीचमा फसेको छ। अमेरिकासँग मेल खाने चीनले यो प्रविधिमा अर्बौं डलर खर्च गरिरहेको छ र अमेरिकाले यसलाई त्यहाँ पुग्नबाट रोक्ने प्रयासमा अर्बौं डलर खर्च गरिरहेको छ। (स्रोतः बिबिसी)

## बीमालेख हराएको सूचना

वीरगंजको चिनीमिलबाट घण्टाघर आउने क्रममा **एशियन लाइफ इन्स्योरेन्स क.लि.**का बीमितहरू **सीमा पटेल (बीमालेख नं ७०१३०००२२७९)** र **श्रेया कुमारी (बीमालेख नं ६६१००००१६९०)**को बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजीकको प्रहरी कार्यालय वा मोनं ९८४५२५४८५४ मा खबर गरिदिनुहुन अनुरोध छ।


Madhesh Province Government
Ministry Of Social Development

## Social Development Unit,

Birgunj, Parsa

### Invitation for Bids No: SDU/NCB/WORKS/2079/80/04

Date of publication: 06 Feb 2023

1. Social Development Unit, Birgunj invites electronic bids from eligible bidders for the Upgradation of Pokhariya Hospital as a Provincial Hospital with 50 beds, under National Competitive Bidding procedures for all eligible Bidders.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office OfSocialDevelopment Unit,BirgunjParsa, MobileNo.9851275128,Email:birgunjsdu@gmail.comor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp., Bidders, submitting their bid electronically, should deposit the costNRs. 3000/- (non-refundable) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of Office: Social Development Unit, Birgunj, Parsa**
**Office Code no. 3500922012**
**Office Account no.: 1000200010000**
**Rajaswa (revenue) Shirshak no.: 14229.**

4. Pre-bid meeting shall be held at Friday, 24 February 2023 at 01:00 PM at Social Development Unit, Birgunj, Parsa
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 noonon 8 March 2023. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00 PM on 8 March 2023 at the office of Social Development Unit, Birgunj, Parsa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 450000/-, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 6 July 2023). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. **1250100202030000** at Rastriya Banijya Bank, Birgunj, Parsa and submit the receipt of the deposited amount of cash along with the Sealed Bids document .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Contract No. | Description of works | Estimated Amount without VAT, NRs. | Bid Security Amount NRs. | Bid Fee, NRs. |
|---|---|---|---|---|---|
| 1 | SDU/NCB/WORKS /2079/80/04 | Upgradation of Pokhariya Hospital as a Provincial Hospital with 50 beds | 1,69,32,467/82 | 450,000/- | 3,000/- |

# स्थापना दिवसमा प्रभातफेरी, फलफूल वितरण

प्रस, वीरगंज, २२ माघ/

प्रेस चौतारी नेपालको २५औं स्थापना दिवस आइतवार विभिन्न कार्यक्रमको आयोजना गरी मधेस प्रदेशमा मनाइएको छ। स्थापना दिवसको अवसरमा आज



तस्वीरः प्रतीक

प्रेस चौतारी नेपाल, पर्साले प्रभातफेरी गरेको छ।

घण्टाघरबाट निकालिएको प्रभातफेरी आदर्शनगर हुँदै नगरपरिक्रमा गरी पुनः घण्टाघरमा पुगेर समापन भएको थियो।

प्रेस चौतारी, पर्साका अध्यक्ष श्याम बन्जाराको अध्यक्षतामा भएको कोणसभामा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछाने, चौतारीका पूर्वउपाध्यक्ष महेश दास, केन्द्रीय सचिव कमल उपाध्याय, शाखा उपाध्यक्ष तुलसी भण्डारीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा चौतारीका केन्द्रीय सदस्य शत्रुघ्न नेपाल, नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष युवराज खड्का, पत्रकार कविता खड्का, सञ्जीव मिश्र, श्याम कुशवाहा, सञ्जय साहलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण चौतारी पर्साका सचिव राजेन्द्र सिंह राजपूतले गरेका थिए।

यसैगरी, दिवसको अवसरमा आज रौतहटमा पनि विभिन्न कार्यक्रमको आयोजना गरिएको छ।

प्रेस चौतारीमा आबद्ध पत्रकारद्वारा चन्द्रनिगाहपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा बिरामीहरूलाई फलफूल वितरण गरिएको थियो।

कार्यक्रममा प्रेस चौतारीका केन्द्रीय सदस्य सञ्जय मिश्र, मधेस प्रदेश इन्चार्ज फणि महत, जिल्ला अध्यक्ष उत्तमकुमार उपाध्याय, नेकपा एमालेका जिल्ला सचिव बालविक्रम कार्की, चौतारी जिल्ला सचिव मुकेश साहलगायतको सहभागिता थियो।

**प्रेस चौतारी बाराले रजतजयन्ती मनायो**

**प्रस, परवानीपुर/**

प्रेस चौतारी बाराले विभिन्न कार्यक्रम गरी २५औं स्थापना दिवस मनाएको छ।

सिमरामा कल्याण कोष घोषणा तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो भने पथलैयास्थित वृद्धाश्रममा फलफूल तथा खाद्यान्न सामग्री वितरण गरिएको थियो।



तस्वीरः प्रतीक

प्रेस चौतारी बाराका अध्यक्ष दिवाकर भण्डारीको अध्यक्षता एवं मधेस प्रदेशसभा सदस्य देवनारायण चौधरीको प्रमुख आतिथ्यमा भएको अन्तर्क्रिया कार्यक्रममा वक्ताहरूले रजतजयन्तीको अवसरमा कल्याण कोष स्थापना हुनु खुशीको कुरा भएको भन्दै पार्टी पद्धतिलाई पनि उक्त कल्याण कोषमा सहयोग गरी प्रेस चौतारी बारालाई सक्षम बनाउन आग्रह गरे। कार्यक्रममा प्रेस चौतारी नेपालका केन्द्रीय सचिव कमलकुमार उपाध्याय, पूर्व प्रदेशसभा सदस्य सुन्दर विश्वकर्मा, एमाले प्रदेश कमिटी सदस्य मनोज पौडेल, जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारी, एमाले बारा जिल्ला सचिवालय कमिटी सदस्य अमृतलाल श्रेष्ठ, प्रेस चौतारीका पूर्व केन्द्रीय सदस्य गोकुल घोरसाइने, प्रेस चौतारी प्रदेश उपाध्यक्ष अनिल तिवारी, नेपाल पत्रकार महासङ्घ बाराका सचिव अनिल गौरव, फोनिज मधेस प्रदेशका नवनिर्वाचित अध्यक्ष दुश्यन्त चौधरी, सहकारी पत्रकार समाजका पुष्पराज खतिवडालगायतको सहभागिता थियो।

कार्यक्रममा चौतारीका संस्थापक सदस्य एवं हाल जीतपुरसिमरा-१६ निर्वाचित वडाध्यक्ष हरिदेव खरेललाई प्रशंसापत्रसहित सम्मानित गरिएको थियो।

# खेलकूदको संसार

## नेपालले भुटानलाई हरायो

काठमाडौं, २२ माघ/रासस

साफ यू-२० महिला च्याम्पियनशिप फुटबल अन्तर्गतको दोस्रो खेलमा नेपाल विजयी भएको छ।

बङ्गलादेशको ढाकास्थित वीर श्रेष्ठ शहीद सिपाही मुस्तोफा कमल स्टेडियममा आज भएको खेलमा नेपालले भुटानलाई ४-० गोलअन्तरले हराउँदै विजयी भएको हो। प्रतियोगितामा नेपालको यो पहिलो जीत हो। यसअघि भएको पहिलो खेलमा नेपाल आयोजक बङ्गलादेशसँग ३-१ गोलअन्तरले पराजित भएको थियो।

आज भएको नेपालको जीतमा अमिषा कार्कीले 'ह्याट्रिक' पूरा गरिन् भने कप्तान प्रीति राईले एक गोल थपिन्। खेलको १९औं मिनेटमा अमिषाले गोल गर्दै नेपाललाई सुरुआती अग्रता दिलाइन्। त्यस्तै, खेलको पहिलो हाफको इन्जुरी समयमा अमिषाले व्यक्तिगत दोस्रो गोल गरिन्।

त्यसपछि खेलको ६१औं मिनेटमा कप्तान प्रीतिले गोल गर्दै नेपाल ३-० ले अघि रह्यो। त्यस्तै, खेलको ६२औं मिनेटमा अमिषाले ह्याट्रिक पूरा गर्दा नेपाल ४-० ले विजयी भयो। प्रतियोगितामा नेपालसहित आयोजक बङ्गलादेश, भारत र भुटानको सहभागिता छ।

# वीरगंजमा महात्मा गाँधी रोडको पक्ष-विपक्षको जुहारी

प्रस, वीरगंज, २२ माघ/

वीरगंजको वडा नं १४ पिपरास्थित चिनीमिल आवास क्षेत्रदेखि बाइपास सडक जोड्ने लिङ्क रोडलाई महात्मा गाँधी रोड र लक्ष्मणवा पार्कलाई महात्मा गाँधी पार्क नामकरण गर्ने चर्चा चलेपछि यसका पक्षधर र विपक्षीले वीरगंजमा प्रदर्शन शुरू गरेका छन्।


पक्ष र विपक्ष दुवैले छुट्टाछुट्टै गरेको प्रदर्शन। तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका वडा नं १४ का अध्यक्ष, वडा नं १५ का पूर्ववडाध्यक्ष, नेपाली काङ्ग्रेसका नेता अजय चौरसियालगायतका समूह लक्ष्मनवा पार्क र सडकलाई महात्मा गाँधी पार्क एवं रोड नामकरण गर्न समर्थन जनाइरहेका छन् भने त्यसैको विरोधमा वीरगंजको लिङ्करोड पिपरा टोल विकास समितिले विरोध जनाइरहेको छ। भारतीय विस्तारवादको संज्ञा दिँदै सो कार्य ठीक नभएको र पिपराको गाउँको ऐतिहासिक पहिचान गुम्ने भएकोले आपत्ति जनाएको समितिका सदस्य मदनप्रसाद कुर्मीले बताए।

केही दिनअघि भारतीय राजदूत नवीन श्रीवास्तव एवं मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको आतिथ्यमा नामकरण गर्ने कार्यक्रम वीरगंज महानगरपालिकाले स्थगित गरेको छ।

नामकरण गर्नुभन्दा केही दिनअघि विरोध शुरू भएपछि नामकरण समारोह स्थगित गरेर अहिले उक्त पार्क र सडकलाई महात्मा गाँधी पार्क एवं सडक नामकरण गर्न वीरगंज महानगरपालिका पक्षधरहरूले विभिन्न कार्यक्रम गरी समर्थन जुटाउन लागिपरेका छन्।

यसै सन्दर्भमा लिङ्करोड पिपरा टोल विकास समितिले आज आवास क्षेत्रअगाडि विरोध प्रदर्शन गरेको छ। हिजो वीरगंज महानगरपालिकाको पक्षमा प्रदर्शन भएको थियो।

# अस्पताल र गापा भवन निर्माणका लागि जग्गादान

प्रस, सेढवा, २२ माघ/

पटेर्वासुगौली गाउँपालिका-५ निचुटामा अस्पताल तथा वडा नं ४ मा गापा कार्यालय निर्माणका लागि दुईजना दाताले शनिवार जग्गादान गरेका छन्।

पटेर्वासुगौली गापा-५ मा स्थानीय गौरीशङ्कर चौधरीले तिलगङ्गा आँखा अस्पताल, काठमाडौंको शाखा अस्पताल स्थापनाका लागि चार कट्ठा जग्गा दान गरेका हुन्। हिजो एक कार्यक्रममा तिलगङ्गा आँखा अस्पतालका निर्देशक डा सन्दुक रुइतलाई चौधरीले जग्गाको स्वामित्व पुर्जा हस्तान्तरण गरेका थिए। अस्पतालको नाममा जग्गा नामसारी गरी हिजो हस्तान्तरण गरिएको हो।

यसैगरी, पटेर्वासुगौली गापा भवन निर्माणका लागि वडा नं ४ का मनोजकुमार चौधरीले तीन कट्ठा १२ धुर जग्गाको स्वामित्व हस्तान्तरण गरेका छन्।

गापाध्यक्ष दिनेशकुमार चौधरीले गापाको नाममा नामसारी गरी जग्गा हस्तान्तरण भएको बताए।

कार्यक्रममा उपाध्यक्ष ममता महतो, प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, वडाध्यक्ष विपिन मुखिया बिनलगायतको सहभागिता थियो।

# प्रेस युनियन मधेस प्रदेशको अध्यक्षमा श्रेष्ठ सर्वसम्मत

प्रस, वीरगंज, २२ माघ/

नेपाल प्रेस युनियनको मधेस प्रदेश समितिको अध्यक्षमा बाराका पुराना पत्रकार सत्यप्रकाश श्रेष्ठ निर्वाचित भएका छन्।

कलैयामा शनिवार बेलुकी सम्पन्न प्रेस युनियन मधेस प्रदेशको प्रथम अधिवेशनले श्रेष्ठलाई सर्वसम्मतरूपमा अध्यक्षमा निर्वाचित गरेको हो। अधिवेशनबाट अध्यक्षमा श्रेष्ठ सहित २५ सदस्यीय प्रदेश कार्यसमिति सर्वसम्मत निर्वाचित भएको बताइएको छ।

समितिको उपाध्यक्ष धनुषाका अजय साह, समावेशी उपाध्यक्ष सोम दयाली, महिला उपाध्यक्ष रमिता नेपाल, महासचिव बाराका अजयकुमार साह, सचिव बाराका सन्तोष पाण्डे, पुस्तिका केसी र मनोज माझी तथा कोषाध्यक्ष पर्साका उदयदास थारूलगायत सदस्यहरू सर्वसम्मत चुनिएका हुन्। यस्तै, लेखा समिति संयोजकमा रञ्जन खरेल तथा सदस्यमा राहुल गुप्ता र प्रियङ्का दास चयन भएको नेपाल प्रेस युनियनका महासचिव दिलीप पौडेलले बताए।

# जिप्रका रौतहटबाट बिचौलियालाई हटाइयो

प्रस, रौतहट, २२ माघ/

जिल्ला प्रशासन कार्यालय, रौतहट अगाडि भीड लगाएर बसेका बिचौलियाहरूलाई हटाइएको छ।

रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले सेवाप्रवाहमा बिचौलियाको चलखेल रोक्न कार्यालयअगाडिको भीडभाड हटाउन लगाएका हुन्।

जिप्रकामा नागरिकतालगायत अन्य काममा चलखेल हुने गरेको गुनासो जनस्तरबाट आएपछि बिचौलियाहरूलाई हटाइएको हो।

जिप्रकाअगाडि बाटो छेकेर टेबुल कुर्सी लगाएर, बोरा ओछ्याएर बस्ने बिचौलियाहरूलाई त्यहाँबाट हटाएको प्रजिअ मिश्रले बताए।

जिप्रकामा बिचौलियाको चलखेल रोकिएपछि जनताको काम सहज, सरल ढङ्गले हुने सेवाग्राहीहरूले बताएका छन्।

## सीमामा डिजिटलाइज ...

प्रबन्धको लागि सप्रउ थपलियासँग आग्रह गरे। उनले वीउवासङ्घले आर्थिक विकासका साथै सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य क्षेत्रको उन्नयन र विस्तारमा ऊर्जा खर्चिँदै आएको बताए।

कार्यक्रममा सङ्घका उपाध्यक्ष हरिप्रसाद गौतम, माधव राजपाल, कार्यसमिति सदस्य आशिष लाठ, शिवजीप्रसाद कलवार, नीरज अग्रवालले वीरगंजलगायतका क्षेत्रमा कायम रहेको शान्ति सुव्यवस्थालाई सप्रउ थपलियाले आफ्नो कार्यकालमा अझ प्रभावकारी बनाउने विश्वास व्यक्त गरे।

कार्यक्रममा वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले धन्यवाद ज्ञापन गरेका थिए।

# विद्युत् चुहावट गर्ने चारजना पक्राउ

प्रस, पंचगावाँ, २२ माघ/

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रको चुहावट नियन्त्रण टोलीले शनिवार राति साढे ११ बजे पोलबाट हुकिङ गरेर विद्युत् चुहावट गर्ने चारजनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय, पोखरिया र सशस्त्र प्रहरी बल, पोखरियाको संयुक्त टोलीले गएराति विद्युत् पोलबाट हुकिङ गरी चुहावट गरेको कसूरमा विन्ध्यवासिनी गापाको प्रसौनीभाटा निवासी वासिम अहमद, पोखरिया नगरपालिकाको बैरिया निवासी रामभुवन साह, सुरज साह र हरिप्रसाद साह गरी चारजनालाई पक्राउ गरी इप्रका, पोखरियाको हिरासतमा राखिएको छ।




**चीसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न**

- चीसोमा बाहिर ननिस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- हृदयरोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,
- जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड